शिक्षा तालिम केन्द्र बाराको तालिम गतिविधि, आ.वा. २०८१/०८२ को वार्षिक प्रगति  विवरण र समीक्षा

# तालिम बुलेटिन

# शिक्षा तालिम केन्द्र, बारा

वर्ष-७, २०८२ साउन (2025 Jul.-Aug.) अंक-४



शिक्षा तालिम केन्द्रको प्रशासकीय भवन

यस भित्र..........


- सम्पादकीय
- शिक्षा तालिम केन्द्र बारा : परिचय, संगठन संरचना र हाम्रो जिम्मेवारी
- शिक्षक पेशागत विकास प्रारुप २०८०, अनुसार विभिन्न निकायको जिम्मेवारी तथा भूमिका
- शिक्षा तालिम केन्द्रले गरेका मुख्य कार्यहरू
- हाम्रो सेवा क्षेत्र र लक्षीत सेवाग्राही
- शिक्षा तालिम केन्द्रको आ.व. २०८१/८२ को वार्षिक बजेट तथा  कार्यक्रमको  प्रगति अवस्था विश्लेक्षण
  - संघीय सरकारबाट हस्तान्तरित (सशर्त कार्यक्रम खर्च)
  - प्रदेश सरकार तर्फको कार्यक्रम खर्च तथा पूजिगत प्रगति विवरण
  - शिक्षा तालिम केन्द्रलाई अन्य स्रोतबाट प्राप्त कार्यक्रम तथा बजेटको प्रगति अवस्था
- शिक्षा तालिम केन्द्रले संचालन गरेको कार्यक्रमहरुको कार्यक्रमगत प्रगति अवस्थाको विश्लेषण
- आ.व. २०८०/०८१ को कार्यक्रम सन्चालन पछि प्राप्त भएका मुख्य उपलब्धिहरु
- वार्षिक उपलब्धिमा कमी भएको भए कारण र क्षेत्र
- सबल पक्षहरु
- कार्यन्वयनमा देखिएका समस्या वा बाधा
- हामीले गरेका प्रयासहरु
- समन्वय र सहयोग
- सिकिएको पाठ
- निरिक्षण अनुगमन तथा पृष्टपोषण
- शिक्षा तालिम केन्द्रको दुरदृष्टि र मुख्य लक्ष्य
- रोष्टर प्रशिक्षक विवरण


## सम्पादकीय.....

शिक्षाको गुणस्तरको लागि शिक्षक तालिमको महत्त्व निकै रहन्छ। शिक्षकको भूमिकाले विद्यार्थीको जीवनमा गहिरो प्रभाव पार्ने हुन्छ र शिक्षकको गुणस्तरीय तालिमले उनीहरूको शिक्षण क्षमतालाई निकै सुधार्न सक्छ। शिक्षकहरुलाई आफ्नो शिक्षण क्षमतामा सुधार ल्याउन, नया शिक्षण विधि र प्रविधिहरु सिक्न र शैक्षिक दृष्टिकोणहरुलाई आधुनिक बनाउन शिक्षक तालिम एउटा प्रमुख माध्यम हो। शिक्षण सिकाइ प्रक्रिया प्रभावकारी बनाउनका लागि शिक्षक तालिममा समेत नयाँ अवधारणा विकसित भएका छन्। पाठ्यक्रम, पाठ्यपुस्तक, निर्देशिका तथा शैक्षिक सामग्रीको सम्पन्नताले मात्र शिक्षाको गुण स्तरीयता कायम हुन सक्दैन। यसका लागि शिक्षा हस्तान्तरण गर्ने व्यक्ति अथवा शिक्षक दक्ष हुनुपर्दछ। विद्यालयमा अध्यापन गर्ने शिक्षकले आफ्ना ज्ञान र सीपलाई निरन्तर अध्यावधिक गर्नु आवश्यक हुन्छ। शिक्षण कार्य सफलतापूर्वक सम्पन्न गर्न, कुशल र गुणस्तरीय शिक्षक बन्न, समय सापेक्ष विकसित नवीनतम प्रविधि, स्रोत, सामग्री, ज्ञानविज्ञान, बालमैत्रीपूर्ण व्यवहारका लागि हुन्छ। यसै गरी बालबालिकाहरु शारीरिक र मानसिक रुपमा कलिला र अवोध हुने हुनाले अध्यापन गर्ने शिक्षक बालमनोविज्ञानमा निपुण हुनुपर्दछ। यसको लागि शिक्षक तालिमको आवश्यकता पर्दछ। मधेश प्रदेशको लागि शिक्षक तालिमको सोही आवश्यकतालाई पूरा गर्न मधेश प्रदेश सरकारको शिक्षा विषय हेर्ने शिक्षा तथा संस्कृति मन्त्रालय अन्तरगत शिक्षा तालिम केन्द्र, बारा रहेको छ।

संघीय सरकारबाट वित्तीय हस्तान्तरण मार्फत् प्राप्त र प्रदेश सरकारको स्वीकृत कार्यक्रम बमोजिम प्रदेश भित्र कार्यरत शिक्षकहरुको लागि तालिम सञ्चालन गर्नु यस केन्द्रको मुख्य जिम्मेवारी हो। प्राप्त तालिम कार्यक्रम अनुसार तालिम केन्द्रले प्रदेशका ८ वटै जिल्लाका शिक्षकको लागि कार्यक्रमगत/तहगत/विषयगत निर्धारण गरी शिक्षक पेशागत विकास तालिम (TPD), प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम र विभिन्न किसिमका कष्टमाईज्ड तालिमहरु संचालन गर्ने, तालिमको अनुगमन तथा तालिममा सहभागी शिक्षकलाई स्थलगत प्राविधिक सहायता (Technical Support) प्रदान गर्ने, आवश्यक श्रोत सामग्रीहरु विकास गर्ने, तालिम सुधारका लागि कार्यमूलक अनुसन्धान गर्ने लगायतका कार्यहरु यस तालिम केन्द्रले गर्दै आएको छ।

आ.व. २०८१।०८२ मा यस तालिम केन्द्रले सञ्चालन गरेका कार्यक्रमहरुलाई संक्षिप्तरुपमा प्रस्तुत गरी यो वार्षिक वुलेटिन प्रकाशन गरिएको छ। यस वुलेटिनमा शिक्षा तालिम केन्द्रबाट संचालन गरेका तालिम तथा कार्यक्रम कार्यन्वयन गतिविधिहरु, भौतिक तथा वित्तीय प्रगति समावेश गरिएको छ। यस वुलेटिन भित्रका सामग्रीहरुले विभिन्न सरोकारवालामा तालिम केन्द्र सम्बन्धी सही सूचना पुऱ्याउने तथा कार्यक्रम प्रगतिको अवस्था जानकारी गराइ पारदर्शिता कायम गर्नलाई समेत सहयोग पुग्नेछ र आगामी दिनमा हाम्रो प्रयासलाई सफल वनाउनका लागि आवश्यक सुझाव र सल्लाहको आशा राखिएको छ।

शिक्षा तालिम केन्द्र बाराका कार्यक्रम तथा गतिविधिहरुमा आवश्यक सहयोग पुऱ्याउने प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालयका माननीय मन्त्रीज्यू लगायत मन्त्रालयको टिम, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइहरु, स्थानीय तहहरु, विद्यालयहरु तथा तालिम लिने तथा तालिमको पर्खाइमा रहेका शिक्षकहरु लगायत सबै सरोकारवालाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु। अन्त्यमा यस शिक्षा तालिम केन्द्र बारा यस वुलेटिन प्रकाशनमा सहयोग पुऱ्याउनुहुने तालिम केन्द्रका कर्मचारी साथीहरु तथा शिक्षा तालिमसंग सम्वन्ध राख्ने सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु। धन्यवाद।

ठुलोवावु दाहाल
तालिम प्रमुख


ठूलोबावु दाहाल
*तालिम प्रमुख*


राजन भण्डारी
*शाखा अधिकृत*


भागिरथ झा
*शाखा अधिकृत*


शिवशंकर प्र. चौधरी
*शाखा अधिकृत*


बबिता कु. कुशवाहा
*शाखा अधिकृत*


श्याम प्र. कडेल
*शाखा अधिकृत*


मुनिलाल प्र. चौहान
*शाखा अधिकृत*


शिवशंकर चौधरी
*लेखा अधिकृत छैठौं*


मोनिका कु. यादव
*प्राविधिक सहायक*


सोनापति कु. यादव
*प्राविधिक सहायक*


श्रवण कु. वि.क.
*कम्प्यूटर अपरेटर*


ललन साह कानु
*कार्यालय सहयोगी*


सुरज राउत कुर्मि
*कार्यालय सहयोगी*


लालबावु राय यादव
*कार्यालय सहयोगी*


विजेश पटेल
*हलुका सवारी चालक*



विषयगत टिपिडि तालिमको उद्घाटन तथा समापन कार्यक्रमका झलकहरु



**माननीय मन्त्रीज्यूसँग तालिमका सहभागी**

## १. शिक्षा तालिम केन्द्र बारा : परिचय, संगठन संरचना र हाम्रो जिम्मेवारी

### १.१ परिचय :

शिक्षकहरु शैक्षिक प्रणालीका मेरूदण्ड हुन र उनीहरुको विकास विना शिक्षा प्रणालीको सुधार संभव छैन । शिक्षामा गुणस्तरीयता कायम गर्न र शैक्षिक सुधारका लागि सरकारको चासो लिइरहेको छ। शिक्षकलाई तालिम प्रदान गरी दक्ष बनाउने उद्देश्यले वि.सं. २००४ सालमा आधार शिक्षक तालिम केन्द्रको स्थापना, वि.सं. २०११ सालमा राष्ट्रिय शिक्षक तालिम केन्द्रको स्थापना तथा वि.सं. २०१४ सालमा शिक्षक तालिमका लागि शिक्षा महा विद्यालय (College of Education) को स्थापना भयो। वि.सं. २०१६ सालमा यसलाई त्रिभुवन विश्व विद्यालय (त्रि.वि.) को एक अङ्गको रूपमा समावेश गरी शिक्षक तालिमलाई निरन्तरता दिइयो । राष्ट्रिय शिक्षा आयोग (२०४९) ले सिफारिस गरे अनुसार शिक्षा क्षेत्रमा कार्यरत जनशक्तिको सेवाकालीन तालिम मार्फत् पेसागत कार्यदक्षता विकासका लागि राष्ट्रिय स्तरमा उच्च तहको एकीकृत संस्थाको आवश्यकता महसुस गरी वि.सं. २०५० साल श्रावण १ गते तत्कालिन शिक्षा मन्त्रालय अन्तर्गत शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भयो । शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गत वि.सं. २०५३ सालमा प्राथमिक शिक्षकहरुलाई तालिम दिने उदेश्यले देशभर ९ वटा प्राथमिक शिक्षक तालिम केन्द्रको स्थापना भयो । यसरी प्राथमिक शिक्षकहरुलाई तालिम दिदै आइरहेको प्राथमिक शिक्षक तालिम केन्द्रलाई वि.सं. २०६१ सालमा नाम परिवर्तन गरी शैक्षिक तालिम केन्द्र-क बनाइयो भने वि.सं. २०६१ सालमै साविकमा रहेका माध्यमिक शिक्षा विकास एकाइ (सेडु) हरुलाई शैक्षिक जनशक्ति विकास केन्द्र मातहत रहने गरी २० शैक्षिक तालिम केन्द्र-ख पुर्नस्थापित गरियो। नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी अन्तर्गत रहेका २९ वटा शैक्षिक तालिम केन्द्र मार्फत शिक्षा क्षेत्रको मानव संसाधनलाई तालिम प्रदान गर्दै आएकोमा आ.व. २०७५/७६ मा संघीय संरचना तीन तहमा कार्यान्वयन गर्ने क्रममा शैक्षिक तालिम केन्द्रहरुलाई प्रदेश सरकारको शिक्षा विषय हेर्ने तत्कालीन सामाजिक विकास मन्त्रालय अन्तर्गत रहने गरी सात प्रदेशमा ७ वटा मात्र प्रदेशस्तरीय शिक्षा तालिम केन्द्र रहने गरी संगठन संरचना स्वीकृत भयो ।

साविकका देशभरीमा २९ शैक्षिक तालिम केन्द्रहरु रहेका थिए जस्मा २० वटा शैक्षिक तालिम केन्द्र ख र ९ वटा क को रुपमा थिए जस्मध्ये यस प्रदेशमा २ वटा शैक्षिक तालिम केन्द्र क र ३ वटा शैक्षिक तालिम केन्द्र ख गरी जम्मा ५ वटा स्थापना भएका थिए । नेपाल सरकारले विगतका सवै २९ वटा तालिम केन्द्र खारेज गरी प्रदेश स्तरमा एउटा मात्र शिक्षा तालिम केन्द्र कायम राख्ने निर्णय भएको सन्दर्भमा धनुषाको जनकपुरधाम र बारा जिल्लाको कलैयामा शैक्षिक तालिम केन्द्र क रहेकोमा जनकपुरको शिक्षा तालिम केन्द्रमा प्रदेशको प्रदेश सभाको भवन तोकिए पछि बाराको कलैया उपमानगरपालिका गंगापुरमा रहेको शैक्षिक तालिम केन्द नै मधेश प्रदेशको प्रादेशिक शिक्षा तालिम केन्दको रुपमा कायम भई कार्यान्वयनमा रहेको छ। वाकी ३ वटा तत्कालीन शैक्षिक तालिम केन्द्रको व्यवस्थापनको तत्कालको लागि अस्थायी प्रकृतिको व्यवस्थापन मार्फत मौजुदा सम्पत्तिको संरक्षणको मात्र व्यवस्थापन भएकोमा पनि विरगंजमा रहेको तालिम केन्द्रलाई विरगंज महानगरपालिकाले र राजविराजमा रहेको तालिम केन्द्रलाई मधेश कृषि विश्वविद्यालयले तालिम केन्द्रसंगको समन्वय विना नै प्रयोग गरिरहेको अवस्था छ ।

शिक्षकको पेसागत दक्षता विकास गर्ने हेतु शिक्षक शिक्षा परियोजना (TEP) र माध्यमिक शिक्षा सहयोग कार्यक्रम (SESP) ले वि.सं. २०६६ सालभित्र स्वीकृत दरवन्दीमा कार्यरत शिक्षकहरुलाई (९८.२५) प्रमाणीकरण तालिम दिने अभियान पूरा गरेपश्चात शिक्षकको निरन्तर पेसागत विकासको लागि विद्यालय क्षेत्र सुधार योजना (School Sector Reform Plan)ले शिक्षकको पेसागत विकास (TPD)को अवधारणालाई अगाडि सार्‍यो । विगत २ वर्ष देखि संचालनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना (SESP) ले नयाँ ढाँचाको ३० कार्यदिने शिक्षक पेसाागत विकास तालिमलाई निरन्तरता दिएको छ। शिक्षक पेशागत तालिमको १०+५ दिने वर्षको एक पटकका दरले २ वर्ष र पटकमा ३० कार्य दिने पुरा गर्नु पर्ने गरी रहेको ढाँचामा कार्यान्वयनमा रहेकोमा शिक्षक पेशागत विकास प्रारुप २०८० स्वीकृत भई आ.व. २०८१।८२ बाट लागू भएपछि अव तालिम केन्द्रमा आधारित १५ दिन र विद्यालयमा आधारित परियोजना कार्य १५ दिन गरि (१५+१५) को ३० कार्यदिन (एक महिना) को तालिम एकै पटकमा प्राप्त हुनेगरी शिक्षकले तालिम प्राप्त गर्नेछन ।

संघीय सरकारबाट वित्तीय हस्तान्तरण मार्पत प्राप्त र प्रदेश सरकारको स्वीकृत कार्यक्रम बमोजिम प्रदेश भित्र कार्यरत शिक्षकहरुको लागि तालिम सञ्चालन गर्नु यस केन्द्रको मुख्य जिम्मेवारी हो । प्राप्त तालिम कार्यक्रम अनुसार तालिम केन्द्रले प्रदेशका ८ वटै जिल्लाका शिक्षकको लागि कार्यक्रमगत/तहगत/विषयगत निर्धारण गरी शिक्षक पेशागत विकास तालिम (TPD), प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम र विभिन्न किसिमका कष्टमाईज्ड तालिमहरु संचालन गर्ने, तालिमको अनुगमन तथा तालिममा सहभागी शिक्षकलाई स्थलगत प्राविधिक सहायता (Technical Support) प्रदान गर्ने, आवश्यक श्रोत सामग्रीहरु विकास गर्ने, तालिम सुधारका लागि कार्यमूलक अनुसन्धान गर्ने लगायतका कार्यहरु यस तालिम केन्द्रले गर्दै आएको छ।

शिक्षा तालिम केन्द्र बाराले यस मधेश प्रदेशमा रहेका तालिम सम्बन्धी गतिविधि संचालन गर्ने शिक्षकहरुको प्रमाणीकरण सम्बन्धी तालिम संचालन गर्ने तालिमका प्रमाणपत्र जारी गर्ने, शिक्षक तालिम सम्बन्धी अल्पकालीन तथा दिर्घकालीन योजना वनाउने लगायत संघीय तथा प्रदेश सरकारले तय गरेका शिक्षक तालिम सम्बन्धी गतिविधि कार्यान्वयन गर्ने गराउने जस्ता कार्यहरु गर्दै आइरहेको छ।

## १.२ संगठनात्मक संरचना

यस तालिम केन्द्रको लागि प्रदेश सरकारबाट निम्न अनुसारको संगठन सरचना छ। जम्मा १७ जना कर्मचारी रहने गरी दरवन्दी कायम भएको छ।

**स्वीकृत दरबन्दी बमोजिम जनशक्तिको अवस्था**

| पद | तह | दरबन्दी संख्या | पदपुर्ती भएको | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| तालिम प्रमुख (शि./शि.प्र.) | अधिकृत नवौं/दशौं | १ | १ | ० | |
| शाखा अधिकृत (विषयगत तालिम अधिकृत (प्रशिक्षक), शि./शि.प्र.) | अधिकृत सातौं/आठौं | ६ | ५ | १ | प्रदेश लोक सेवा आयोगबाट नेपाली विज्ञान र अंग्रेजी विषय प्रशिक्षक पुर्ति भएको समाजिक विषयको रिक्त |
| शाखा अधिकृत (शि./शि.प्र. निरीक्षण) | अधिकृत सातौं/आठौं | १ | १ | ० | |
| सहायक स्तर (ना. सु.)(प्रशासन) | सहायक पाँचौ/छैठौं | १ | ० | १ | |
| प्रा स (शि./शि.प्र. निरीक्षण) | सहायक पाँचौ/छैठौं | २ | २ | ० | प्रदेश लोक सेवा आयोगबाट २०८०।८१ मा पुर्ति भएको |
| लेखापाल(प्रशासन) | पाँचौ/छैठौं | १ | १ | ० | |
| कम्प्युटर अपरेटर (प्राविधिक) | चौथो | १ | १ | ० | सेवा कराबाट पूर्ति गरिएको |
| हलुका सवारी चालक | श्रेणी विहिन | १ | १ | ० | सेवा करारबाट पूर्ति गरिएको |
| कार्यालय सहयोगी | श्रेणी विहिन | ३ | ३ | ० | २ स्थायी र १ का स सेवा करारबाट पूर्ति गरिएको |
| | जम्मा | १७ | १५ | २ | |

## १.३ शिक्षा तालिम केन्द्रको वर्तमान भौतिक पक्षः

शिक्षा तालिम केन्द्र बाराको हालको सम्पति तथा निर्मित संरचना निम्नानुसार रहेको छ।

| क्रस | विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय कम्पाउण्डले ओगटेको तालिम केन्द्रको जग्गा | ७ बिघा | कमाउण्डवाल भत्किएकोले मर्मत गर्नुपर्ने अवस्था |
| | निर्मित पक्की भवन | १७ भवन | विभिन्न प्रकारका |
| २.१ | प्रशासकीय भवन | कार्यकक्ष १० कोठा र मिटिग तथा सभाकक्ष १ समेत | सामान्य अवस्थामा प्रयोगमा रहेको |
| २.२ | तालिम भवन | २ तले तालिम भवनमा ५ वटा तालिम हल र प्रयोगशालाको लागि २ कोठा | हाल १ तालिम हलमा प्रदेश सरकारको शिक्षा विकास ईकाई स्थापना भएको र १ तालिम हलमा क्यारियर गाईडेन्स सेवा संचालनमा रहेको १ तालिम हल मरमत गर्नु पर्ने अवस्थामा |

| | | | |
|---|---|---|---|
| २.३ | पुस्तकालय भवन | भित्री ३ कोठा सहितको पुस्तकालय | सन्दर्भसामग्रीहरु/पुस्तकहरु सहित लगभग २००० जति रहेका तर राम्ररी प्रयोग हुन नसकेको |
| २.४ | छात्रावास | २ भवन (पुरुष छात्रावास २ तले भवनमा १७ कोठा २५ जनाको क्षमता) | संचालनमा रहेको तर कहिलेकाही मर्मत गर्नु पर्ने |
| | | (महिला छात्रावास २ तले भवनमा १५ जना क्षमता) | |
| २.५ | आवासीय भवन नं १ (तालिम प्रमुख आवास) | कोठा संख्या ५ | सामान्य अवस्थामा प्रयोगमा रहेको |
| २.६ | आवासीय भवन नं २ (अतिथि आवास) | कोठा संख्या ५ | सामान्य अवस्थामा प्रयोगमा रहेको |
| २.७ | आवासीय भवन नं ३,४,५,६,७ (प्रशिक्षक आवास) | प्रति आवास ४ कोठा भएको एक तले ५ भवन | आवासीय भवन नं ६ र ७ गरी २ भवन नेपाल प्रहरीको सुरक्षा यूनिटले प्रयोग गरेको । अन्य भवन प्रविधिकले प्रयोगम रहेको |
| २.८ | चमेना गृह | १ किचेन सहित ५० जनाको क्षमताको डाइनिग हल सहितको क्यान्टिन | सामान्य अवस्थामा प्रयोगमा रहेको |
| २.९ | पाले भवन | ४ कोठा भएको पाले भवन | सामान्य अवस्थामा प्रयोगमा रहेको |
| २.१० | शौचालय | तालिमका सहभागि पुरुष र महिलाको लागि अलग अलग शौचालय | सामान्य अवस्थामा प्रयोगमा रहेको |
| २.११ | अडिटोरियम हल | स्टेज सहितको मुख्य हल १, सहायक कोठा ३ | प्रदेश सरकारको यातायात व्यवस्था कार्यालय बाराले मर्मत गरी प्रयोग गरेको |
| २.१२ | पम्प हाउस | १ कोठे भवन | हाल प्रयोग विहिन रहेको |
| २.१३ | निर्मित खानेपानी ट्यांकी | १ ट्यांकी | हाल प्रयोग विहिन रहेको |
| ३ | विज्ञान प्रयोगशाला | मुख्य तालिम भवनको १ कोठामा विज्ञान विषयक तालिम सञ्चालनका लागि सामान्य सामग्री सहितको प्रयोगशाला | हाल प्रयोग विहिन रहेको |

**१.४ तालिम केन्द्रमा रहेका मुख्य विद्युतिय उपकरणहरु तथा सवारी साधनको विवरण :**

शिक्षा तालिम केन्द्र बारामा रहेका मुख्य सामग्री तथा विद्युतिय उपकरणहरु तथा सवारीको विवरण ।

| क्रस | विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| १ | विद्युतिय उपकरणहरु | | |
| १.१ | डेस्कटप कम्प्यूटर | ६ | ५ वटा काम लाग्ने अवस्थामा छैन |
| १.२ | ल्यापटप कम्प्यूटर | १८ | प्रशिक्षकहरुले प्रयोग गरेका, केही ज्यादै पुरानो भई प्रयोगमा नरहेका तथा विग्रिएका। |
| १.३ | Multimedia Projecter | ५ | ३ वटा चालु |
| १.४ | फोटोकपी मेशिन | २ | विग्रिएको |

| क्रस | विवरण | परिणाम | कैफियत |
| --- | --- | --- | --- |
| १.५ | प्रिन्टर | १० | विग्रिएको |
| १.६ | फ्याक्स मेशिन | १ | विग्रिएको |
| १.७ | माइक्रोस्कोप | ४ | विग्रिएको |
| १.८ | स्क्यानर मेसिन | | |
| १.९ | भिडियो क्यामरा | १ | विग्रिएको |
| १.१० | क्यामरा | १ | विग्रिएको |
| १.११ | रेफ्रिजेरेटर | ३ | |
| १.१२ | ट्यावलेट | १ | |
| १.१३ | एसी | २ | |
| २ | सवारीसाधन | | |
| २.१ | जीप पिकअप | १ | अन्य २ पूराना जीर्ण जीप कार्यालय परिसरमा थन्किएका । लिलाम गर्नु पर्ने अवस्थामा |
| २.२ | मोटरसाइकल | ३ | १ मो सा पुरानो अवस्थामा |
| २.३ | साइकल | १ | हाल संचालनमा १ |
| ३ | विज्ञान प्रयोगशाला सामग्रीहरु | | विज्ञान विषयक तालिम सञ्चालनका लागि सामान्य सामग्री मात्र प्रयोगको अवस्थामा रहेको |
| ४ | आ व २०८०।८१ मा खरिद भएका नयाँ जिन्सी सामानहरु | | |
| ४.१ | विद्युतीय यन्त्र उपकरण | | |
| ४.१.१ | Interactive Smartboard 75 Inch | २ | |
| ४.१.२ | Projector optima | १ | |
| ४.१.३ | DSLR Camera cannon | १ | |
| ४.१.४ | TV 43" – Smart type 4k LG कार्यालय १ थान | २ | |
| | TV 32" – Smart type LG आवास १ थान | १ | |
| ४.१.५ | Air Conditioner 1ton | १ | |
| ४.१.६ | Desktop Computer Dell | १ | |
| ४.१.७ | Printer Brother 2540DW | १ | |
| ४.१.८ | Harddisk/Pendrive | २ | |
| ४.१.९ | Laptop Dell (Raison processer) | | |
| ४.१.१० | पावर व्याकअप | ८ | |
| ४.१.१०.१ | Luminous Battery (200 Ah) | १ | |

| क्रस | विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| ४.१.१०.२ | Luminous Battery (160 Ah) | १ | |
| ४.१.१०.३ | Luminous Inverter (1700VA) | २ | |
| ४.१.१०.४ | Inverter (3.5 KV) | | |
| ४.२ | फर्निचर | १ | |
| ४.२.१ | कर्नर सोफा | १२ | |
| ४.२.२ | Steel Daraj छात्रावास प्रयोग ८ थान | ३० | |
| ४.२.३ | स्टील दराज ६६" कार्यालय प्रयोग ४ थान | १४० sqf | |
| ४.२.४ | S Model स्टिल कुर्शी | ४ | |
| ४.२.५ | जुटकार्पट (होस्टेलमा१२ कोठा कार्यालय २) | ४ | |
| ४.२.६ | अफिस टेबल४X२ काठ | | |
| ५ | रिभलविङ्गबौस कुर्शी | १ | |
| | आ.व. २०८१।८२ मा खरिद भएका जिन्सी सामान | २ | |
| ५.१ | मोटरसाईकल | १ | |
| ५.२ | ल्यापटप | २ | वृतिमार्ग केन्द्रलाई |
| ५.३ | प्रिन्टर | १ व्याट्री र ईन्भर्टर | |
| ५.४ | एसी | २ सेट | वृतिमार्ग केन्द्रलाई |
| ५.५ | पावरव्यकअप सेट | | |
| ५.६ | सोफासेट | | |

### १.५ शिक्षा तालिम केन्द्रमा कार्यरत कर्मचारी विवरण:

शिक्षा तालिम केन्द्रमा हाल निम्नानुसार कर्मचारी कार्यरत रहेकाछन् ।

| सि.नं. | नाम | पद/ तह /समुह | समुह | कैफियत |
|---|---|---|---|---|
| १ | ठूलोवावु दाहाल | तालिम प्रमुख<br>(उपसचिव, अधिकृतस्तर दशौं) | शिक्षा | |
| २ | राजन भण्डारी | शाखा अधिकृत<br>(अधिकृतस्तर आठौं, प्रशिक्षक- गणित) | शिक्षा | योजना तथा कार्यक्रम |
| ३ | भागिरथ झा | शाखा अधिकृत<br>(अधिकृतस्तर आठौं, प्रशिक्षक- स्वा.शारीरिक) | शिक्षा | सुचना अधिकारी |
| ४ | शिवशंकरप्रसाद चौधरी | शाखा अधिकृत<br>(अधिकृतस्तर सातौं, निरीक्षण) | शिक्षा | कामकाज शिविएकाई |

| सि.नं. | नाम | पद/ तह /समुह | समुह | कैफियत |
|---|---|---|---|---|
| ५ | वविता कुमारी कुशबाहा | शाखा अधिकृत<br>(अधिकृतस्तर सातौं, प्रशिक्षक- नेपाली) | शिक्षा (प्रलोसेआबाट) | |
| ६ | मुनिलाल प्रसाद चौहान | शाखा अधिकृत<br>(अधिकृतस्तर सातौं, प्रशिक्षक- विज्ञान) | शिक्षा<br>(प्र.लो.से.आ.बाट) | प्रशासन |
| ७ | श्याम प्रसाद कडेल | शाखा अधिकृत<br>(अधिकृतस्तर सातौं, प्रशिक्षक- अग्रेजी) | शिक्षा<br>(प्र.लो.से.आ.बाट) | तालिम परीक्षा |
| ८ | शिवशंकर चौधरी | (अधिकृतस्तर छैठौं, लेखा) | सामान्य प्रशासन | |
| ९ | मोनिका कुमारी यादव | प्रा+.स<br>(सहायक पाँचौ) | शिक्षा<br>(प्र.लो.से.आ.बाट) | |
| १० | सोनापति कुमारी यादव | प्रा+.स<br>(सहायक पांचौ) | शिक्षा<br>(प्र.लो.से.आ.बाट) | |
| ११ | श्रवणकुमार वि.क. | कम्प्युटर अपरेटर<br>(सहायक पांचौ) | विविध | सेवा करार |
| १२ | सुरज राउत कुर्मी | कार्यालय सहयोगी<br>(श्रेणी विहिन) | सामान्य प्रशासन | |
| १३ | ललन साह कानु | कार्यालय श्रेणी<br>(श्रेणी विहिन) | सामान्य प्रशासन | |
| १४ | लालवावुराय यादव | कार्यालय सहयोगी<br>(श्रेणी विहिन) | सामान्य प्रशासन | सेवा करार |
| १५ | विजेश पटेल | सवारी चालक<br>(श्रेणी विहिन) | इन्जिनियरिग | सेवा करार |

**२. शिक्षक पेशागत विकास प्रारुप २०८० अनुसार शिक्षक तालिम प्रभावकारिताको लागि विभिन्न निकायको जिम्मेवारी तथा भूमिका**

**२.१ शिक्षा तालिम केन्द्रको भूमिका**

(१) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भइ प्राप्त सशर्त अनुदानका शिक्षक पेसागत विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

(२) शिक्षक पेसागत विकास सम्बन्धी योजना तथा कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याउने ।

(३) एक महिने शिक्षक पेसागत विकास तालिमका लागि प्रशिक्षक निर्देशिका र स्रोत सामग्री विकास गर्ने ।

(४) कस्टमाइज्ड शिक्षक तालिम तथा तालिम सामग्री विकास गर्ने ।

(५) स्थानीय तहमा कार्यरत शिक्षक मेन्टरहरुलाइ तालिम प्रदान गर्ने ।

(६) स्थानीय तहमा शिक्षकहरूको विज्ञ सूची (Roster List) तयार गरी कस्टमाइज्ड शिक्षक तालिमका सञ्चालनका लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

(७) शिक्षक पेसागत विकास कार्यक्रम सम्बन्धमा स्थानीय तहका शिक्षा प्रमुख तथा अधिकृतका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(८) तालिम प्राप्त शिक्षकलाई फलोअप सहायता प्रदान गर्ने ।

(९) शिक्षक पेसागत विकास तालिमको अभिलेख व्यवस्थित तथा प्रमाणित गरी प्रमाणीकरणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने ।

(१०) शिक्षक पेसागत विकाससम्बन्धी अध्ययन अनुसन्धान गर्ने ।

**२.२ शिक्षा विकास तथा समन्वय इकाइको भूमिका**

(१) शिक्षक पेसागत विकासका कार्यक्रम सञ्चालन गर्न शिक्षा तालिम केन्द्र र स्थानीय तहसँग आवश्यक समन्वय गर्ने ।

(२) विद्यालय सुपरिवेक्षण तथा शिक्षक पेसागत सहायतासम्बन्धी आवश्यक कार्य गर्ने ।

२.३ स्थानीय तहको भूमिका

(१) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भई प्राप्त सशर्त अनुदानका शिक्षक पेसागत विकासका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।

(२) शिक्षक पेसागत सहायतासम्बन्धी कार्य गर्ने ।

(३) शिक्षक पेसागत विकास कार्यक्रम (छोटो अवधिका पुनर्ताजगी तथा कस्टमाइज्ड शिक्षक तालिम) सञ्चालन तोकिएको मापदण्डका आधारमा गर्ने ।

(४) शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने ।

(५) शिक्षक पेसागत विकास कार्यक्रम सञ्चालनको अभिलेख व्यवस्थित गर्ने ।

(६) शिक्षक पेसागत विकास तथा सहायताका विभिन्न कार्यक्रम सम्बन्धमा प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ आदिका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने ।

(७) विद्यालयमा आधारित निरन्तर शिक्षक पेसागत विकासका लागि विद्यालय तथा शिक्षकहरूलाई प्रोत्साहन गर्ने

(८) शिक्षक तालिम र पेसागत विकासको नियमित अनुगमन र फलोअप तथा विद्यार्थीको सिकाइ उपलब्धिको लेखाजोखा गर्ने ।

२.४ विद्यालयको भूमिका

(१) विद्यालयमा आधारित निरन्तर पेसागत विकासका कार्यक्रमहरूलाई प्रभावकारी तरिकाले सञ्चालन गरी शिक्षकको पेसागत विकासमा सहयोग गर्ने ।

(२) शिक्षकलाई निरन्तर पेसागत विकासका कार्यक्रममा सक्रिय सहभागी हुन प्रोत्साहित गर्ने ।

(३) नवप्रवेशी शिक्षक वा शिक्षण पेसामा १ शैक्षिक सत्रभन्दा कम अध्यापन अनुभव भएका शिक्षकहरूलाई मेन्टरिङ सहायता प्रणालीमा सहभागी हुन प्रोत्साहन गर्ने ।

(४) विद्यालयमा उपयुक्त सिकाइ बातावरण निर्माण गर्ने ।

(५) विद्यालयमा सिकाइ संस्कृतिको विकासका लागि आवश्यक काम गर्ने ।

३. शिक्षा तालिम केन्द्रले गरेका मुख्य कार्यहरू

(१) माध्यमिक तथा आधारभूत तहका शिक्षकहरूको लागि शिक्षक पेशागत विकास तालिम सञ्चालन (आमनेसामने र अनलाईन दुवै विधिबाट) ।

(२) वालविकास केन्द्रका शिक्षक तथा सहयोगि कार्याकर्ताहरुको लागि शिक्षक पेसागत विकास तालिम सञ्चालन,

(३) आधारभूत र माध्यमिक तहका प्रधानाध्यापकहरूका लागि प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम सञ्चालन,

(४) विभिन्न कष्टमाईज्ड तालिमहरु संचालन।

(५) शिक्षक मेन्टर प्रणाली स्थापना सो कार्यान्वयनका लागि फिल्ड मेन्टर परिचालन,

(६) सेवा क्षेत्रभित्र सञ्चालित शिक्षकको पेसागत विकास तालिमको लागि स्थलगत अनुगमन तथा प्राविधिक सहायता प्रदान,

(७) तालिम निर्देशिका तथा स्रोत सामग्री निर्माण तथा वितरण,

(८) तालिम गतिविधि सम्बन्धी जर्नल/वुलेटिन प्रकाशन,

(९) संघ र प्रदेशको स्वीकृत कार्यक्रम बमोजिमका विभिन्न विषय तथा शिर्षकका तालिम सञ्चालन,

(१०) तालिम प्राप्त शिक्षकहरुलाई १० महिने तथा १ महिने तालिम सम्पन्न प्रमाण-पत्र प्रदान,

(११) संघ, प्रदेश र स्थानी तह बीच शिक्षक तालिमका सञ्चालनका लागि आवश्यक समन्वय ।

(१२) प्राविधिक सहायक (शि प्र)हरुका लागि १ महिने शैक्षिक व्यवस्थापन तालिम

## ४. हाम्रो सेवा क्षेत्र र लक्षीत सेवाग्राही

मधेश प्रदेशका आठवटै जिल्लामा रहेका शिक्षकहरु यस तालिम केन्द्रका लक्षीत सेवाग्राही हुन । वालविकास केन्द्रका शिक्षक (सहयोगी कार्यकर्ता), आधारभूत तहका शिक्षक (प्राविर निमावि), माध्यामिक तह (कक्षा ९,१०र११,१२) शिक्षकको पेशागत विकास सम्बन्धी प्रमाणिकरण टिपिडि तालिम र छोटो अवधिको पूनर्ताजगी तालिमहरु प्राप्त गर्ने सबै शिक्षक तथा सरोकारवालाहरु र प्रदेशभित्रका शिक्षा सेवा शिक्षा प्रशासन समूह निरीषण उपसमूहको प्राविधिक सहायक (प्रा.स.) र सहायक पांचौ तहका कर्मचारीहरु तालिमको सन्दर्भमा तालिम केन्द्रका लक्षीत सेवाग्राही हुन ।

**जिल्लागत विद्यालय तथा शिक्षक विवरण**

| क्र स | जिल्ला | विद्यालय संख्या | | | शिक्षक संख्या (दरबन्दी.) | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रा वि | नि मा | मा | प्रा वि | नि मा | मा | |
| १ | सप्तरी | १८१ | ६६ | ८२ | २२०४ | ५४७ | ९३३ | |
| २ | सिराहा | २३२ | ४४ | ७७ | ५५५७ | ९०९ | ९३३ | |
| ३ | धनुषा | २०२ | ६० | १०५ | २५६४ | ६३५ | ७०७ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | महोत्तरी | १२७ | ५० | ८४ | २३४३ | ४७४ | ५४१ | |
| ५ | सर्लाही | २८० | ४८ | ८० | २०२१ | ५१६ | ३७८ | |
| ६ | रौतहट | १९३ | ७३ | ८९ | १६६१ | २९४ | २७७ | |
| ७ | बारा | २३७ | ७२ | ७५ | २३०५ | ४६२ | ५०० | |
| ८ | पर्सा | २१३ | ५३ | ५६ | १९०७ | ४१० | ३९३ | |
| जम्मा | | | | | | | | |

स्रोत : प्रदेश पार्श्वचित्र, २०७७

## ५. शिक्षा तालिम केन्द्र बाराको आ.व. २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रमको प्रगति अवस्था विश्लेषण

५.१ शिक्षा तालिम केन्द्र बाराको आ.व. २०८१/८२ को वार्षिक बजेट तथा प्रगतिहरु

### क. आ.व. २०८१/०८२ को बजेट

| क्र.सं. | विवरण | चालु | पुँजीगत | जम्मा |
|---|---|---|---|---|
| १. | विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत शिक्षक तालिमको लागि संघीय ससर्त अनुदान तर्फको आ.व. २०८१/०८२ को प्रगति विवरण | ३७७२३००० | ० | ३७७२३००० |
| २. | प्रदेश सरकारबाट प्राप्त कार्यक्रम | १८७६५००० | ४१५०००० | २२९१५००० |
| ३. | वृत्ति मार्ग निर्देशन सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन (संघ ससर्त अनुदान) | ६९८६८० | ० | ६९८६८० |
| ४. | खेलकुद शिक्षक तालिम (युवा तथा खेलकुद मन्त्रालय) संघ जम्मा | २१००००० | ० | २१००००० |
| | जम्मा | ५९२८६६८० | ४१५०००० | ६३४३६६८० |

### ख. आ.व. २०८१/०८२ को बजेट तथा प्रगति

| स्रोत | विवरण | पुँजीगत | चालु | जम्मा |
|---|---|---|---|---|
| प्रदेश सरकार | विनियोजित बजेट | ४१५०००० | १८७६५००० | २२९२५००० |
| | खर्च | १९०३६७५ | १६२२७४८५.८० | १८१३११६०.८० |
| | खर्च प्रतिशत | ४६.००% | ८६.००% | ७९.१२% |
| संघीय ससर्त | विनियोजित बजेट | ० | २७७२३००० | २७७२३००० |
| | खर्च | ० | १८३३००७१ | १८३३७१ |
| | खर्च प्रतिशत | ० | ४९.००% | ४९.००% |

### ग. शिक्षक तालिम तर्फको भौतिक तथा वित्तीय प्रगति अवस्था

| क्र.सं. | विवरण | भौतिक लक्ष्य | भौतिक लक्ष्य | प्रगति प्रतिशत | वित्तीय लक्ष्य | वित्तीय प्रगति | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | टिपिडि र कस्टमाइज्ड तालिम संघीय अनुदान Face to Face | ११७९ | १०३४ | ८८.० | १९९४४००० | १५४९३७५७ | ७८.०० |
| २. | टिपिडि र कस्टमाइज्ड तालिम संघीय अनुदान Online | १७३१ | ३८१ | २२.०० | १४५७९००० | १८४२३१० | १२.६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | विभिन्न कस्टमाइज्ड तालिम प्रदेश सरकारको अनुदान Face to Face | ४४५ | ४५३ | १०२.०० | ३१००००० | २९२८४४५ | ९४.०० |
| ४. | खेलकुद शिक्षक तालिम | ६० | ६० | १००.०० | २१००००० | १९९९५११ | ९५.२० |

**घ. २०८०/०८१ मा शिक्षा तालिम केन्द्र शिक्षक तालिममा गरेको भौतिक प्रगति**

| क्र.सं. | विवरण | प्रगति | कैफियत |
|---|---|---|---|
| १. | टिपिडि कस्टमाइज्ड तालिम संघीय अनुदान Face to Face | १०३४ | |
| २. | टिपिडि कस्टमाइज्ड तालिम संघीय अनुदान Online | ३८१ जना | ३१६ जना नवप्रवेशी समेत |
| ३. | विभिन्न कस्टमाइज्ड तालिम प्रदेश सरकारको अनुदान Face to Face | ४५३ जना | |
| | खेलकुद शिक्षक तालिम | ६० जना | |
| | जम्मा | १९२८ जना | |

**५.२ आ.व. २०८०।८१ मा शिक्षा तालिम केन्द्रको कार्यक्रमगत प्रगति विवरण**

५.२.१ **संघीय सरकारबाट** हस्तान्तरित (**सशर्त कार्यक्रम खर्च**)

**मधेश प्रदेश सरकार**
**शिक्षा तथा संस्कृति मन्त्रालय**
**शिक्षा तालिम केन्द्र बारा**
**विद्यालय शिक्षा क्षेत्र योजना अन्तरगत शिक्षकको तालिमको लागि संघीय शसर्त अनुदान तर्फको आ.व. २०८१।८२ को प्रगति विवरण**
**आ.व. २०८१/८२**

| क.स. | क्रियाकलाप | वार्षिक बजेट | | | भौतिक प्रगति | | वित्तिय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य (परिमाण) | एकाइ | बजेट रु | भौतिक प्रगति (परिमाण) | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति (वार्षिक खर्च रु) | वित्तिय प्रगति प्रतिशत | |
| १ | तालिम केद्रमा सूचना प्रविधिको सुविधा विस्तार,भौतिक सुविधा सुदृढीकरण तथा होस्टल व्यवस्थापन | १ | लागत हजारमा | ५००००० | १ | १०० | ४९४०३६ | ९८.८ | |
| २ | राजपत्रअनङ्कित प्रथम श्रेणी वा सो सरहका कर्मचारीका लागि १ महिने सेवाकालीन शैक्षिक प्रशासन तालिम सञ्चालन | २५ | ५०० | १२५०००० | १९ | ७६ | १०३७०३० | ८३.० | |
| ३ | शिक्षक पेसागत विकास प्रारुप, २०८० को प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहका शिक्षा अधिकृतका लागि १ दिने अभिमुखीकरण | १४४ | ५० | ८६४००० | १०६ | ७४ | ४६५५३५ | ५३.९ | |
| ४ | पहिलो चरण पूरा गरेका प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ताका लागि दोस्रो चरणको टिपिडी तालिम | ६० | ६ | ९००००० | ६० | १०० | ८४०६१५ | ९३.४ | |

| क.स. | क्रियाकलाप | वार्षिक बजेट | | | भौतिक प्रगति | | वित्तिय प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य (परिमाण) | एकाइ | बजेट रु | भौतिक प्रगति (परिमाण) | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति (वार्षिक खर्च रु) | वित्तिय प्रगति प्रतिशत | कैफियत |
| ५ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको टिपिडी तालिम | २४० | १५ | ३८४०००० | २३५ | ९८ | ३४५७९१४ | ९०.० | |
| ६ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको अनलाइन टिपिडी तालिम | १६० | १६ | ११२०००० | ० | ० | ० | ०.० | |
| ७ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा ६-८)को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम | ९० | ७ | १४४०००० | ९७ | १०८ | १४३३२५३ | ९९.५ | |
| ८ | पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको अनलाइन टिपिडी तालिम | १२० | १६ | ८४०००० | ० | ० | ० | ०.० | |
| ९ | पहिलो चरण पूरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम | ९० | ७ | १५३०००० | ७४ | ८२ | १०५६३२६ | ६९.० | |
| १० | पहिलो चरण पूरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको अनलाइन टिपिडी तालिम | ८० | १७ | ५६०००० | ० | ० | ० | ०.० | |
| ११ | माध्यमिक तह कक्षा ११-१२ का नेपाली/सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/गणित विषयका शिक्षकहरूलाई आधारित टिपिडी तालिम | ६० | ७ | १०२०००० | २८ | ४७ | ३९२९५७ | ३८.५ | |
| १२ | माध्यमिक तह कक्षा ११-१२ का नेपाली/सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/गणित विषयका शिक्षकहरूलाई आधारित अनलाइन टिपिडी तालिम | ४० | १७ | २८०००० | २५ | ६३ | १३५००० | ४८.२ | |
| १३ | शिक्षक पेसागत विकास प्रारुप, २०८० अनुसार आधारभूत तह (कक्षा १-५) का शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम | १५० | ७ | ३७५०००० | १५० | १०० | २९८४०६६ | ७९.६ | |

| क.स. | क्रियाकलाप | वार्षिक बजेट | | | भौतिक प्रगति | | वित्तिय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य (परिमाण) | एकाइ | बजेट रु | भौतिक प्रगति (परिमाण) | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति (वार्षिक खर्च रु) | वित्तिय प्रगति प्रतिशत | |
| १४ | शिक्षक पेसागत विकास प्रारुप, २०८० अनुसार माध्यमिक तह (कक्षा ९-१०) का अनिवार्य विषय शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम | ९० | २५ | २५२०००० | ७३ | ८१ | १५४१३६६ | ६१.२ | |
| १५ | पहिलो चरण पूरा गरेका सुनाइ/दृष्टि/बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षण गर्ने शिक्षकहरुको क्षमता विकासका लागि टिपिडी तालिम | ३० | २८ | ५४०००० | २७ | ९० | ४७१९३८ | ८७.४ | |
| १६ | पहिलो चरण पूरा गरेका आधारभूत/माध्यमिक तहको प्रधानाध्यापक नेतृत्व क्षमता विकाससम्बन्धी तालिम | ६० | १८ | ९००००० | ५२ | ८७ | ७५७८२७ | ८४.२ | |
| १७ | प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फका प्रशिक्षक/सहायक प्रशिक्षकहरूको टिपिडी तालिम | ३० | १५ | ५१०००० | १५ | ५० | २७७३३५ | ५४.४ | |
| १८ | आधारभूत तहका नवप्रवेशी शिक्षकहरुका लागि एक महिने अनलाइन सेवा प्रवेश तालिम | १२११ | १७ | १०८९९००० | २८६ | २४ | १४२९९०० | १३.१ | |
| १९ | माध्यमिक तहका नवप्रवेशी शिक्षकहरुका लागि एक महिने अनलाइन सेवा प्रवेश तालिम | ८० | ९ | ७२०००० | ३० | ३८ | २००४४० | २७.८ | |
| २० | कार्यमूलक अनुसन्धानसम्बन्धी ५ दिने अनलाइनमा आधारित कस्टमाइज्ड शिक्षक तालिम | ४० | ९ | १६०००० | ४० | १०० | ७६९७० | ४८.१ | |
| २१ | पाठ अध्ययन (Lesson study) सम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिम | ३० | ४ | २४०००० | २६ | ८७ | २०४७०० | ८५.३ | |
| २२ | लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षासम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिम | ३० | ८ | २४०००० | २६ | ८७ | १९८६०० | ८२.८ | |
| २३ | शिक्षक मेन्टरहरूका लागि ५ दिने क्षमता विकास तालिम | ५० | ८ | ४००००० | ४६ | ९२ | ३७४२९५ | ९३.६ | |
| २४ | बहुकक्षा बहुस्तर (MGML) सम्बन्धी शिक्षक पेसागत विकास तालिम | ० | ८ | ० | ० | ० | ० | ०.० | |
| २५ | केन्द्रबाट विकसित नमुना तालिम स्रोत सामाग्री र शिक्षा तालिम केन्द्रबाट विकसित तालिम सामग्री छपाइ | १ | ० | ४००००० | १ | १०० | २०९९६८ | ५२.५ | |

| क.स. | क्रियाकलाप | वार्षिक बजेट | | | भौतिक प्रगति | | वित्तिय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य (परिमाण) | एकाइ | बजेट रु | भौतिक प्रगति (परिमाण) | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति (वार्षिक खर्च रु) | वित्तिय प्रगति प्रतिशत | |
| २६ | स्थानीय तहमा तालिम सञ्चालन अवधिमा स्थलगत प्राविधिक सहयोग तथा स्थिति प्रतिबेदन तयारी | १ | ४०० | ५०००० | १ | १०० | २९०००० | ५८.० | |
| | **जम्मा** | **२८०५** | **५००** | **३५९२३०००** | **१४१८** | **५१** | **१८३३००७१** | **५१.०** | |
| २७ | शिक्षा तालिम केन्द्रको Digital Learning Center को विकास तथा सुदृढीकरण | १ | | १८००००० | ० | ० | ० | ०.० | |
| | **कुल जम्मा** | २८०६ | १८०० | ३७७२३००० | १४१८ | ५१ | १८३३००७१ | ४८.६ | |
| १ | ECD का शिक्षकहरुका लागि वुट क्याम्प तालिम सञ्चालन | | | ७५०००० | ० | ० | ० | ०.० | ० |
| | कैफियत : शिक्षा तालिम केन्द्र बाराबाट पटक पटक लिखित तथा मौखिक अनुरोध गरी प्रदेश मन्त्रालयमा अनुरोध गरेको तर तालिक केन्द्रमा बजेट प्राप्त नभएकोले तालिम सञ्चालनको योजना निर्माण गरेर पनि बुट क्याम्प तालिम कार्यक्रम सञ्चालन गर्न नसकिएको | | | | | | | | |

### ५.२.२ प्रदेश सरकार तर्फको कार्यक्रम खर्च तथा पूजिगत प्रगति विवरण

**क. प्रदेश सरकारबाट प्राप्त कार्यक्रम तर्फको आ.व. २०८१।८२ को प्रगति विवरण**

**प्रदेश तर्फको कार्यक्रम खर्च**

| क.स. | क्रियाकलाप | वार्षिक बजेट | | | भौतिक प्रगति | | वित्तिय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य (परिमाण) | एकाइ लागत हजारमा | बजेट रु | भौतिक प्रगति (परिमाण) | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति (वार्षिक खर्च रु) | वित्तिय प्रगति प्रतिशत | |
| १ | विद्यालयमा लेखा सम्बन्धी काम गर्ने कर्मचारी तथा प्र अ हरुका लागि ३ दिने लेखा व्यवस्थापन तालिम | १५० | ६६.७ | १०००००० | १४७ | ९८ | ९२३७८० | ९२.४ | |
| २ | आधारभुत तह र माध्यमिक तह (कक्षा ९ र १०) सञ्चालन भएका विद्यालयहरुका शिक्षकहरुलाई आइसिटि (ICT) सम्बन्धी तालिम ५ दिने तालिम | १०० | १० | १०००००० | ९९ | ९९ | ९११९७० | ९१.२ | |
| ३ | वार्षिक कार्यक्रम तयारी वार्षिक प्रतिवेदन तयारी र समिक्षा समेत | १ | १५० | १५०००० | १ | १०० | ६६००० | ४४.० | |
| ४ | विभिन्न विषयका रोष्टर प्रशिक्षकहरुको शिक्षक तालिम समिक्षा तथा अभिमुखिकरण | ४५ | २.३ | १००००० | ४२ | ९३ | ९४०८० | ९४.१ | |
| ५ | आधारभुत तथा माध्यमिक तह (९-१०) का विषयगत शिक्षकलाइ परीक्षा स्तरीकरण तथा प्रश्नपत्र निर्माण सम्बन्धी ३ दिने तालिम कार्यशाला | १५० | ६६.७ | १०००००० | १६५ | ११० | ९९८६१५ | ९९.९ | |

| क्र.स. | क्रियाकलाप | वार्षिक बजेट | | | भौतिक प्रगति | | वित्तिय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य (परिमाण) | एकाइ लागत हजारमा | बजेट रु | भौतिक प्रगति (परिमाण) | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति (वार्षिक खर्च रु) | वित्तिय प्रगति प्रतिशत | |
| ६ | विद्यालय शिक्षा सम्वन्धि विभिन्न ३ शैक्षिक मुद्धा तथा विषयहरुमा आवश्यकता अनुसार विज्ञ परिचालन गरी अध्ययन तथा सुझाव सहितको प्रतिवेदन (कार्यविवरण तयारी अध्ययन तथा प्रतिवेदन ढाँचा निर्माण वैठक समेत) | १ | ९०० | ९००००० | ० | ० | ० | ०.० | |
| ७ | अनुगमन मूल्यांकन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च | १ | ३०० | ३००००० | १ | १०० | २५०२०० | ८३.४ | |
| ८ | भ्रमण खर्च | १ | २०० | २००००० | १ | १०० | १५६४७४ | ७८.२ | |
| | जम्मा | ४४९ | १६९५.६ | ४६५०००० | ४५६ | १०२ | ३४०१११९ | ७३ | |

**ख. प्रदेश सरकारबाट प्राप्त कार्यक्रमको पूंजिगत तर्फको आ.व. २०८१।८२ को प्रगति विवरण**

| क्र.स. | क्रियाकलाप | वार्षिक बजेट | | | भौतिक प्रगति | | वित्तिय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य (परिमाण) | एकाइ लागत हजारमा | बजेट रु | भौतिक प्रगति (परिमाण) | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति (वार्षिक खर्च रु) | वित्तिय प्रगति प्रतिशत | |
| १ | तालिम केन्द्र वाहिर पर्खाल मर्मत तथा निर्माण | १ | १००० | १०००००० | १ | १०० | ९७८३०४ | ९७.८ | |
| २ | तालिम केन्द्रमा ICT LAB स्थापना तथा सञ्चालन कम्प्युटर ल्यापटप प्रोजेक्टर स्मार्टवोर्ड फर्निसिङ्ग तथा जनशक्ति समेत | १ | १००० | १०००००० | ० | ० | ० | ०.० | |
| ३ | दुइ पाग्रे सवारी साधन खरिद | १ | २५० | २५०००० | १ | १०० | २४१३१८ | ९६.५ | |
| ४ | तालिम केन्द्रमा क्ष्कत ीब्द्य स्थापना तथा सञ्चालन कम्प्युटर ल्यापटप प्रोजेक्टर स्मार्टवोर्ड फर्निसिङ्ग तथा जनशक्ति समेत | १ | १२०० | १२००००० | १ | १०० | ४८८१६ | ४.१ | |
| ५ | ल्यापटप कम्प्युटर खरिद | १ | ३०० | ३००००० | १ | १०० | २८५८९९ | ९५.३ | |
| ६ | तालिम केन्द्रमा पावर व्याकअप जडान | १ | १०० | १००००० | १ | १०० | ९९९४८ | ९९.९ | |
| ७ | तालिम केन्द्रमा फर्निचर तथा फिक्चर व्यवस्थापन | १ | २५० | २५०००० | १ | १०० | २४९३९० | ९९.८ | |
| ८ | वेवसाइड निर्माण तथा व्यवस्थापन | १ | ५० | ५०००० | ० | ० | ० | ०.० | |
| | जम्मा | ८ | ४१५०.० | ४१५०००० | ६ | ७५ | १९०३६७५ | ४६ | |

५.२.३ शिक्षा तालिम केन्द्रलाई अन्य स्रोतबाट प्राप्त कार्यक्रम तथा बजेटको प्रगति अवस्था २०८१।८२

**क. युवा तथा खेलकूद मन्त्रालयबाट प्राप्त खेलकुद विकास कार्यक्रम तर्फको प्रगति विवरण आ.व. २०८१/८२**

| क्र.स. | क्रियाकलाप | वार्षिक बजेट | | | भौतिक प्रगति | | वित्तिय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य (परिमाण) | एकाइ लागत हजारमा | बजेट रु | भौतिक प्रगति (परिमाण) | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति (वार्षिक खर्च रु) | वित्तिय प्रगति प्रतिशत | |
| १ | खेलकुद शिक्षक तालिम | ६० | ३५ | २१००००० | ६० | १०० | १९९९५११ | ९५.२ | |
| | जम्मा | ६० | ३५ | २१००००० | ६० | १०० | १९९९५११ | ९५.२ | |

**ख. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रम समेत) आ.व. २०८१।८२ को प्रगति विवरण**

| क्र.सं. | क्रियाकलाप | वार्षिक बजेट | | | भौतिक प्रगति | | वित्तिय प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य (परिमाण) | एकाइ लागत हजारमा | बजेट रु | भौतिक प्रगति (परिमाण) | भौतिक प्रगति प्रतिशत | वित्तिय प्रगति (वार्षिक खर्च रु) | वित्तिय प्रगति प्रतिशत | |
| १ | वृत्ति मार्ग निर्देशन सेवा केन्द्र संचालन तथा व्यवस्थापन | १ | ६९८.६८० | ६९८६८० | १ | १०० | ५९८९९० | ८५.७ | |
| | जम्मा | १ | ६९८.६८० | ६९८६८० | १ | १०० | ५९८९९० | ८५.७ | |

**५.३ शिक्षा तालिम केन्द्र बाराले संचालन गरेको कार्यक्रमहरुको कार्यक्रमगत संचालन तथा प्रगति अवस्थाको विश्लेषण**

**५.३.१ संघीय सशर्त अनुदान तर्फ संचालित कार्यक्रमको प्रगतिको विश्लेषण र समिक्षा**

**१. राजपत्राअनङ्कित प्रथम श्रेणीका कर्मचारीका लागि सेवाकालीन १ महिने शैक्षिक प्रशासन तालिम सञ्चालन**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| २५ | १२५०००० | १ | जनकपुर | २०८१।१०।१४ | २०८१।११।२१ | ३० | केन्द्र | १९ | ७६ | १०३७०३० | ८३.० |
| | जम्मा | १ | | | | | | १९ | ७६ | १०३७०३० | ८३.० |

प्रदेश भित्र तथा प्रदेश वाहिरका संघ प्रदेश र स्थानीय तहमा कार्यरत राजपत्राअनङ्कित प्रथम श्रेणीका तथा सहायक पाचौ तहका कर्मचारीका लागि सेवाकालीन १ महिने शैक्षिक प्रशासन सम्बन्धी तालिम सञ्चालन संचालन भयो । तालिम लिन पर्याप्त कर्मचारी नपुगेकोले नियुक्ति भएको एक वर्ष भित्रकै सहभागी धेरै थिए। यस तालिममा २५ जनाको लक्ष्य रहेकोमा १९ जना सहभागी भएका थिए भने वित्तिय प्रगति ८३ प्रतिशत भएको देखिन्छ।

**२. शिक्षक पेसागत विकास प्रारुप, २०८० को प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहका शिक्षा अधिकृतका लागि १ दिने अभिमुखीकरण**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| १४४ | ८६४००० | १ | शिक्षा तालिम केन्द्र | २०८१।१०।०७ | २०८१।१०।०७ | १ | केन्द्र | २७ | ७५ | १०४४५० | ४८.४ |
| | | २ | हरिवन सर्लाही | २०८१।१०।१३ | २०८१।१०।१३ | १ | केन्द्र | २७ | ७५ | १२०००० | ५५.६ |
| | | ३ | गोगल जनकपुर | २०८१।१०।१५ | २०८१।१०।१५ | १ | केन्द्र | २६ | ७२ | १२००३५ | ५५.६ |
| | | ४ | पशुपति लाहान | २०८१।१०।१८ | २०८१।१०।१८ | १ | केन्द्र | २६ | ७२ | १२१०५० | ५६.० |
| | जम्मा | | | | | | केन्द्र | १०६ | ७४ | ४६५५३५ | ५३.९ |

शिक्षक पेसागत विकास प्रारुप, २०८० को प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहका शिक्षा शाखा/महाशाखा प्रमुख तथा शिक्षा संयोजक समेत सहभागी हुने गरी एक दिने अभिमुखिकरण कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रम हरेक दूई जिल्लाको लागि एक केन्द्र गरेर चार केन्द्रमा सचालन गरिएको थियो। १३६ स्थानीय तहबाट एक उक जना शिक्षा हेर्ने शिक्षा शाखा/महाशाखा प्रमुख वा शिक्षा संयोजक गरेर १३६ जना तथा आठ शिक्षा विकास तथा समन्वय इकाइबाट एक/एक जना गरी ८ जना समेत गरी १४४ जना सहभागिताको लक्ष्य रहेकोमा १०६ जना सहभागी हुनु भएको थियो।

### ३. पहिलो चरण पूरा गरेका प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ताका लागि दोस्रो चरणको टिपिडी तालिम

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति देखि | मिति सम्म | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| ६० | ९००००० | १ | शि ताकेन्द्र | २०८१।१०। | २०८१।१०। | १० | केन्द्र | ३० | १०० | ४०६३९५ | ९०.३ |
| | | २ | याज्ञवल्क्य जनकपुर | २०८१।१०। | २०८१।१०। | १० | केन्द्र | ३० | १०० | ४३४२२० | ९६.५ |
| | जम्मा | | | | | | केन्द्र | ६० | १०० | ८४०६१५ | ९३.४ |

पहिलो चरण पूरा गरेका प्रारम्भिक बालबिकासका शिक्षक/सहजकर्ताका लागि दोस्रो चरणको टिपिडी तालिम तर्फ प्राप्त ६० कोटा मध्ये २ समुह निर्धारण गरी २ अलग अलग स्थान शिक्षा तालिम केन्द्र र ज्ञानपूप मावि जनकपुरधाममा तालिम संचालन भएको यो तालिममा ६० जना नै सहभागीले तालिम पूरा गर्नुभएकोले भौतिक प्रगति सतप्रतिशत देखिन्छ भने वित्तिय प्रगति प्रतिशत ९३.४ प्रतिशत देखिन्छ।

### ४. पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा १-३) को एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको टिपिडी तालिम

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति देखि | मिति सम्म | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| २४० | ३८४०००० | १ | शिक्षा तालिम केन्द्र | २०८१।१२।०३ | २०८१।१२।१२ | १० | केन्द्र | २८ | ९३ | ४०३६१७ | ८४.१ |
| | | २ | पशुपति लाहान | २०८१।१२।०४ | २०८१।१२।१३ | १० | केन्द्र | ३० | १०० | ४३४२९० | ९०.५ |
| | | ३ | माधोपुर रौतहट | २०८१।१२।०४ | २०८१।१२।१३ | १० | केन्द्र | ३० | १०० | ४४५५९५ | ९२.८ |
| | | ४ | लक्ष्मण ललिता | २०८१।१२।०६ | २०८१।१२।१५ | १० | केन्द्र | ३० | १०० | ४३६७०५ | ९१.० |
| | | ५ | याज्ञवल्क्य जनकपुर | २०८१।१२।०७ | २०८१।१२।१६ | १० | केन्द्र | ३० | १०० | ४४२६९५ | ९२.२ |
| | | ६ | पशुपति लाहान | २०८१।१२।१९ | २०८१।१२।२८ | १० | केन्द्र | २९ | ९७ | ४०९८०० | ८५.४ |
| | | ७ | पशुपति लाहान | २०८१।१२।२१ | २०८१।१२।३० | १० | केन्द्र | २८ | ९३ | ४३२८१७ | ९०.२ |
| | | ८ | महादेव ज सर्लाही | २०८१।१२।२१ | २०८१।१२।३० | १० | केन्द्र | ३० | १०० | ४५२३९५ | ९४.२ |
| | जम्मा | | | | | | | २३५ | ९८ | ३४५७९१४ | ९०.० |

पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा १-३) को शिक्षकहरुको लागि एकीकृत पाठ्यक्रममा आधारित दोस्रो चरणको टिपिडि तालिमको लागि २४० कोटा प्राप्त भएकोमा सो को लागि ८ समुह निर्धारण विगत वर्षहरुमा प्रथम चरणको तालिम प्राप्त गरेका शिक्षक छनौट गरी प्रदेशभरका विभिन्न ८ स्थानमा तालिम संचालन भएको र यो कार्यक्रमबाट आधारभूत तहका २३५ शिक्षकले दोस्रो चरणको तालिम प्राप्त गरी आधारभूत तहको तमलिम सम्पन्न गर्नु भएको छ। तालिमको यस शीर्षकको भौतिक प्रगति ९८ प्रतिशत छ भने वित्तिय प्रगति प्रतिशत ९० प्रतिशत देखिन्छ।

### ५. पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति देखि | मिति सम्म | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| ९० | १४४०००० | १ | शि ता के सामाजिक | २०८१।१२।२० देखि २४ (५दिन) | २०८२।०१।२१ देखि २५ (५ दिन) | १० | केन्द्र | २९ | ९७ | ४०२८५६ | ८३.९ |
| | | २ | गौरीडाडा महोत्तरी नेपाली | २०८२।०१।२६ | २०८२।०२।०४ | १० | केन्द्र | २४ | ८० | ३८४९११ | ८०.२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ३ | शि ता के गणित/विज्ञान | २०८२।०१।२८ | २०८२।०२।०६ | १० | केन्द्र | २४ | ८० | ३४६१११ | ७२.१ |
| | | ४ | शि ता के अग्रेजी | २०८२।०२।३० | २०८२।०३।०८ | १० | केन्द्र | २० | ६७ | २९९३७५ | ६२.४ |
| | | | जम्मा | | | | | ९७ | १०८ | १४३३२५३ | ९९.५ |

पहिलो चरण पूरा गरेका आधारभूत तह (कक्षा ६-८) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिमको कार्यक्रमको ९० कोटा रहेकोमा प्रथम योजना अनुसार सामाजिक, नेपाली, गणित/वित्तानको १/१ समुह गरी ३ समुह तालिम संचालन भैसकेकोमा वाकी कोटा संख्या र बजेट पुग्ने भएपछि अंग्रजीको १ समुह थप गरी ४ समुहमा ९७ जना शिक्षकले यस तालिममा सहभागिता जनाई तालिम पूरा गर्नु भएकोछ । यस कार्यक्रमको भौतिक प्रगति १०८ प्रतिशत र वित्तीय प्रगति ९९५ प्रतिशत रहेको छ ।

**६. पहिलो चरण पूरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिम**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ९० | १५३०००० | १ | शिक्षा तालिम केन्द्र, सामाजिक | २०८२।०१।२८ | २०८२।०२।०६ | १० | केन्द्र | १७ | ५७ | २६९०३८ | ५२.८ |
| | | २ | शिक्षा तालिम केन्द्र, नेपाली | २०८२।०२।०७ | २०८२।०२।१६ | १० | केन्द्र | २३ | ७७ | ३३५६३७ | ६५.८ |
| | | ३ | शि त के, गणित विज्ञान | २०८२।०२।०७ | २०८२।०२।१६ | १० | केन्द्र | ३४ | ११३ | ४५१६५१ | ८८.६ |
| | | | | | | | | ७४ | ८२ | १०५६३२६ | ६९.० |

विगत वर्षहरुमा पहिलो चरण पूरा गरेका माध्यमिक तह (कक्षा ९-१०) को अनिवार्य विषय शिक्षकका लागि दोस्रो चरणको टिपिडी तालिमको लागि ९० कोटा रहेकोमा शिक्षा तालिम केन्द्रमा सामाजिक, नेपाली र गणित विज्ञान विषयको गरी ३ समुह तालिम संचालन भएको छ। यस तालिममा मा वि तहका सामाजिक विषयको सहभागी संख्या न्युन भएपनि नेपालीमा भने अत्याधिक चाप रह्यो। ९० अपेक्षित सहभागीमा ७४ जनाले सहभागि भई तालिम पुरा गर्नु भएकोछ। यस तालिमको भौतिक प्रगति ८२ प्रतिशत र वित्तिय प्रगति ६९ प्रतिशत रहेकोछ।

**७. माध्यमिक तह कक्षा ११-१२ का नेपाली/सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/गणित विषयका शिक्षकहरूलाई आधारित टिपिडी तालिम**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ६० | १०२०००० | १ | शिक्षा तालिम केन्द्र अग्रजी | २०८२।०२।३० | २०८२।०३।०८ | १० | केन्द्र | २८ | ४७ | ३९२९५७ | ३८.५ |
| | जम्मा | | | | | | | २८ | ४७ | ३९२९५७ | ३८.५ |

प्रथम चरण पूरा गरेका माध्यमिक तह कक्षा ११-१२ का नेपाली/सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/गणित विषयका शिक्षकहरूलाई १० दिने केन्द्रमा आधारित टिपिडी तालिम प्रदान गर्नु पर्नेमा शिक्षकको न्यून माग तथा विषयगत न्यून सहभागिताको संभावना रहेकोले अंग्रजी विषयको १ समुहमात्र तालिम चल्यो । यो एक समूहमा २८ जना शिक्षकको उपस्थिति भएकोले जम्मा भौतिक प्रगति ४७ प्रतिशत मात्र देखिन्छ भने वित्तीय प्गति पनि न्यून ३८.५ प्रतिशतमात्र भएकोछ।

**८. शिक्षक पेसागत विकास प्रारुप, २०८० अनुसार आधारभूत तह (कक्षा १-५) का शिक्षकका लागि एक महिने प्रमाणीकरण तालिम**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५० | ३७५०००० | १ | शिक्षा तालिम केन्द्र | २०८२।०२।१६ | २०८२।०२।३० | १५ | केन्द्र | २८ | ९३ | ५५१८९९ | ७३.६ |
| | | २ | याज्ञवल्क्य जनकपुर | २०८२।०२।१८ | २०८२।०३।०१ | १५ | केन्द्र | ३२ | १०७ | ६४४७७५ | ८६.० |
| | | ३ | चन्द्रपुर रौतहट | २०८२।०२।२७ | २०८२।०३।१० | १५ | केन्द्र | ३२ | १०७ | ६२२७७३ | ८३.० |
| | | ४ | शिक्षा तालिम केन्द्र | २०८२।०३।०९ | २०८२।०३।२३ | १५ | केन्द्र | २६ | ८७ | ५२७६५९ | ७०.४ |
| | | ५ | पशुपति लाहान | २०८२।०२।२८ | २०८२।०३।११ | १५ | केन्द्र | ३२ | १०७ | ६३६९६० | ८४.९ |
| | | | जम्मा | | | | | १५० | १०० | २९८४०६६ | ७९.६ |

**९. पहिलो चरण पूरा गरेका सुनाइ/दृष्टि/बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षण गर्ने शिक्षकहरुको क्षमता विकासका लागि टिपिडी तालिम**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ३० | ५४०००० | १ | चन्द्रपुर रौतहट | २०८२।०२।१३ | २०८२।०२।२२ | १० | केन्द्र | २७ | ९० | ४७१९३८ | ८७.४ |
| | | | जम्मा | | | | | २७ | ९० | ४७१९३८ | ८७.४ |

पहिलो चरण पूरा गरेका सुनाइ/दृष्टि/बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षण गर्ने सुनाइ/दृष्टि/बौद्धिक अपाङ्गता भएका वा त्यस्ता अपांगता नभएका तर सुनाइ/दृष्टि/बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षण गर्ने शिक्षकहरुलागि दोस्रो चरणको टिपिडी तालिम विशेष विद्यार्थीको स्रोतकक्षा समेत रहेको जनज्योति मावि चन्द्रपुरमा संचालन भयो। यस कार्यक्रममा अपाङ्गता भएका र नभएका गरी २७ शिक्षकको सहभागिता थियो।यस कार्यक्रमको भौतिक प्रगति ९० प्रतिशत र वित्तिय प्रगति ८७.४ प्रतिशत रहेकोछ।

**१०. प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फका प्रशिक्षक/सहायक प्रशिक्षकहरूको टिपिडी तालिम**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ३० | ५१०००० | १ | धरहरी रौतहट | २०८२।०२।२८ | २०८२।०३।०६ | १० | केन्द्र | १५ | ५० | २७७३३५ | ५४.४ |
| | | | जम्मा | | | | | १५ | ५० | २७७३३५ | ५४.४ |

प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फका प्रशिक्षक/सहायक प्रशिक्षकहरूको टिपिडी तालिमको रुपमा ३० कोटा प्राप्त भएकोमा गत वर्ष प्रथम चरण पूरा गरेका प्राविधिक तथा व्यावसायिक शिक्षा धारतर्फका विभिन्न विषय तथा धारका प्रशिक्षक तथा सहायक प्रशिक्षकहरूको लागि गत वर्ष तालिममा सहभागी भई तालिम पूरा गरेका अभिलेख समेतको आधारमा जयकिशान प्राविधिक शिक्षालय धरहरी रौतहटमा केन्द्र कायम गरी तालिम संचालन गरिएको थियो। जम्मा सहभागी १५ जना मात्र भएको यस तालिमको भौतिक प्रगति ५०% र वित्तीय प्रगति ५४.४% रहेकोछ।

**११. माध्यमिक तह कक्षा ११-१२ का नेपाली/सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/गणित विषयका शिक्षकहरूलाई आधारित अनलाइन टिपिडी तालिम**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ४० | २८०००० | १ | अनलाईन | २०८२।०३।१५ | २०८२।०३।२४ | १० | अनलाईन | २५ | ६३ | १३५००० | ४८.२ |
| ४० | २८०००० | १ | | | | | | २५ | ६३ | १३५००० | ४८.२ |

माध्यमिक तह कक्षा ११-१२ का नेपाली/सामाजिक तथा जीवनोपयोगी सिप/अङ्ग्रेजी/गणित विषयका शिक्षकहरूलाई आधारित अनलाइनमा आधारित टिपिडी को लागि १ समुह संचालन गर्ने गरी ४० कोटा प्राप्त भएकोमा गत वर्ष प्रथम चरण पूरा गरेका र विविध कारणले केन्द्रमा आधारित फेस टु फेस तालिममा सहभागि हुन नसकेका माध्यमिक (९-१०) तथा (११-२२) का उल्लेखित सबै विषयका शिक्षक गरी जम्मा २५ जना मात्र लक्षित सहभागि संख्या भएकोले जेनिरिक खालको विषय तयार गरी सबै लक्षित २५ जनाको लागि अनलाईनमा आधारित १० कार्यदिने दोस्रो चरणको तालिम संचालन गरियो। यस तालिमको भौतिक प्रगति ६३ प्रतिशत र वित्तीय प्रगति ४८.२ प्रतिशत रहेकोछ।

**१२. आधारभूत तहका नवप्रवेशी शिक्षकहरुका लागि एक महिने अनलाइन सेवा प्रवेश तालिम**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| १२११ | १०८९९००० | १ | अनलाईन | २०८२।०१।२५ | २०८२।०२।०८ | १५ | अनलाईन | ४० | १०० | २०२९०० | ५६.४ |
| | | २ | अनलाईन | २०८२।०१।३० | २०८२।०२।१३ | १५ | अनलाईन | ४० | १०० | २०२९०० | ५६.४ |
| | | ३ | अनलाईन | २०८२।०२।११ | २०८२।०२।२५ | १५ | अनलाईन | ४० | १०० | २०२९०० | ५६.४ |
| | | ४ | अनलाईन | २०८२।०२।१२ | २०८२।०२।२६ | १५ | अनलाईन | ३९ | ९८ | २०१८०० | ५६.१ |
| | | ५ | अनलाईन | २०८२।०२।२८ | २०८२।०३।११ | १५ | अनलाईन | ३७ | ९३ | २००५०० | ५५.७ |
| | | ६ | अनलाईन | २०८२।०२।२९ | २०८२।०३।१२ | १५ | अनलाईन | ४० | १०० | २०२९०० | ५६.४ |
| | | ७ | अनलाईन | २०८२।०३।१३ | २०८२।०३।२७ | १५ | अनलाईन | ४९ | १२३ | २१६००० | ६०.० |
| १२११ | १०८९९००० | | जम्मा | | | | अनलाईन | २८५ | २४ | १४२९९०० | १३.१ |

शिक्षक पेशागत विकास प्रारुप २०८०, स्वीकृत भएपछि शिक्षक सेवामा प्रवेश गर्ने नयाँ प्रवेशी शिक्षकहरुको लागि पहिलो पटक १ महिने सेवा प्रवेश तालिमको कार्यक्रमको रुपमा आधारभूत तहका नवप्रवेशी शिक्षकहरुका लागि एक महिने अनलाइन सेवा प्रवेश तालिम कार्यक्रम १५ दिन अनलाईनमा आधारित र १५ दिन विद्यालयमा आधारित गरी १ महिने तालिम कार्यक्रममा रहेको र उक्त तालिम कार्यक्रमको लागि १२११ जनाको लक्ष्य तोकि कार्यक्रम पठाईएको थियो । शिक्षा तालिम केन्द्रले कार्यक्रममा सहभागिताको लागि इच्छुक नव प्रवेशी शिक्षकसंग अनलाईन माध्यमबाट आवेदन माग गरेको थियो । सो अनुसार आधारभूत तहका २८५ आवेदन प्राप्त भएकोले तालिम संचालन योजना बनाई प्राप्त भएका रोष्टर प्रशिक्षकलाई लिएर ४०/४० जनाको समुह तयार गरी २०८२ बैशाख २५ गतेबाट प्रथम समुह सुरू गरि सातौं समुह असार २७ गते समापन भएको थियो अर्थात यो तालिम जम्मा ७ समूहमा संचालन भएको थियो । तालिममा सहभागि हुन आवेदन गर्ने सबै आधारभूत तह (प्राथमिक/निम्नमाध्यमिक) का शिक्षक सहभागि गराई विभिन्न सात समुहमा २८५ जना शिक्षकले तालिम पुरा गर्नुभयो । भौतिक तथा वित्तिय लक्ष्य अन्यन्त धैरै तोकिएको कार्यक्रमको बजेट प्रदेशबाट ढिलो प्राप्त भएको, तत्कालिन तालिम प्रमुखबाट चाडै कार्यन्वयन योजना बन्न नसकेको, जुम आईडि खरिद गर्न समय लागेको समेतको कारण भौतिक प्रगति २४ प्रतिशत र वित्तिय प्रगति १३ प्रशित मात्र पुरा गर्न सकियो । यस कार्यक्रम शीर्षकको अत्यन्त न्यून प्रगतिको प्रभाव तालिम केन्द्रको समग्र प्रगतिमा पर्न गई तालिम क्न्द्रको समग्र प्रगति समेत माथि उठ्न नसकेकोले अन्य समग्र कार्यक्रको प्रगतिकव लागि तालिम केन्द्रले गरेका प्रयासहरु समेत ओभेलमा परे । यस कार्यक्रममा वार्षिक भौतिक लक्ष्य १२११ मा २८५ जना भई भौतिक प्रगति प्रतिशत २४ प्रतिशत र वित्तिय लक्ष्य १०८९९००० रहेकोमा १४२९९०० मात्र खर्च भई वित्तिय प्रगति १३.१ प्रतिशतमात्र रहेको देखिन्छ ।

**१३. माध्यमिक तहका नवप्रवेशी शिक्षकहरुका लागि एक महिने अनलाइन सेवा प्रवेश तालिम**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ८० | ७२०००० | १ | अनलाईन | २०८२।०३।०९ | २०८२।०३।२३ | १५ | अनलाईन | ३० | ३८ | २००४४० | २७.८ |
| ८० | ७२०००० | | | | | | | ३० | ३८ | २००४४० | २७.८ |

शिक्षक पेशागत विकास प्रारुप २०८०, स्वीकृत भएपछि शिक्षक सेवामा प्रवेश गर्ने नयाँ प्रवेशी शिक्षकहरुको लागि पहिलो पटक १ महिने सेवा प्रवेश तालिमको कार्यक्रमको रुपमा माध्यमिक तहका नवप्रवेशी शिक्षकहरुका लागि एक महिने अनलाइन सेवा प्रवेश तालिम कार्यक्रम १५ दिन अनलाईनमा आधारित र १५ दिन विद्यालयमा आधारित गरी १ महिने तालिम कार्यक्रममा रहेको र उक्त तालिम कार्यक्रमको लागि ८० जना अर्थात दूई समुहको लागि लक्ष्य तोकि कार्यक्रम पठाईएको थियो । शिक्षा तालिम केन्द्रले कार्यक्रममा सहभागिताको लागि इच्छुक नव प्रवेशी शिक्षकसंग अनलाईन माध्यमबाट आवेदन माग गरेको थियो । माध्यमिक तहका नव प्रवेशी शिक्षक मध्ये ३० जनाको मात्र आवेदन प्राप्त भए अनुसार सोही अनुसार तालिम संचालन योजना बनाई असार ९ गतेदेखि २३ गतेसम्म १५ दिने अनलाईन तालिम संचालन गरियो र बाँकी १५ कार्य दिन वरावरको लागि विद्यलयमा आधारित परियोजना कार्यको लागि कार्यरत विद्यालयमा पठाईयो । ८० जनाको लक्ष्य रहेकोमा यसमा समेत भौतिक प्रगति ३० जनाको अर्थात ३८ प्रतिशत र वित्तिय प्रगति २७.८ प्रतिशतमात्र भएको देखिन्छ ।

### १४. पहिलो चरण पूरा गरेका आधारभूत/माध्यमिक तहको प्रधानाध्यापक नेतृत्व क्षमता विकास सम्बन्धी तालिम

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ६० | ९००००० | १ | याज्ञवल्क्य जनकपुर | २०८२।०२।०९ | २०८२।०२।१८ | १० | केन्द्र | २४ | ८० | ३७५१३० | ८३.४ |
| | | २ | शिक्षा तालिम केन्द्र | २०८२।०२।३० | २०८२।०३।०८ | १० | केन्द्र | २८ | ९३ | ३७३११७ | ८२.९ |
| | | | | | | | | ५२ | ८७ | ७४८२४७ | ८३.१ |

विद्यालयको शैक्षिक तथा प्रशासनीक नेतृत्वकर्ता प्रधानाध्यापक तथा प्रधानाध्यापक हुन योग्यता पुगेका र यस अघि प्रथम चरण पूरा गरेका आधारभूत/माध्यमिक तहका शिक्षकको लागि प्रधानाध्यापक नेतृत्व क्षमता विकास सम्बन्धी तालिमको ६० कोटा रहेकोमा शिक्षा तालिम केन्द्र र जनकपुरधाममा गरी दुई समुहमा यो तालिम संचालन भयो। यो तालिम गत वर्ष माध्यमिक र आधारभूत अलग अलग समुहमा संचालन भएकोमा यस वर्ष शिक्षक अनुभव आदानप्रदानको लागि नया प्रयोगको रुपमा दुई स्थानमा तर दुबै तहको मिश्रित समुह बनाएर संचालन गरियो। यस तालिममा जनकपुर समुहमा २४ जना र शिक्षा तालिम केन्द्र समुहमा २८ गरी ५२ जना शिक्षक सहभागी हुनुभयो। प्रथम चरण पुरा गरेका प्रधानाध्यापक तथा शिक्षक मात्र सहभागी हुन पाउने हुनाले सहभागिता केही कम देखियो। यस तालिमको भौतिक प्रगति ८७ प्रतिशत र वित्तिय प्रगति ८३.१ प्रतिशत रहेकोछ।

### १५. कार्यमूलक अनुसन्धानसम्बन्धी ५ दिने अनलाइनमा आधारित कस्टमाइज्ड शिक्षक तालिम

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ४० | १६०००० | ५ | शिक्षा तालिम केन्द्र | २०८२।०१।२४ | २०८२।०१।२८ | ५ | अनलाईन | ४० | १०० | ७६९७० | ४८.१ |
| | | | | | | | | ४० | १०० | ७६९७० | ४८.१ |

सामुदायिक विद्यालयका आधारभूत तथा माध्यमिक तहका शिक्षकको लागि कार्यमूलक अनुसन्धानसम्बन्धी ५ दिने अनलाइनमा आधारित कस्टमाइज्ड शिक्षक तालिम लक्ष्य अनुसार ४० जना सहभागि भई भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ४८१ प्रतिशत भएको छ अर्थात यो तालिम लक्षित बजेट भन्दा आधा रकममै पुर्ण लक्ष्य हासिल गर्न सकिएको छ।

### १६. पाठ अध्ययन (Lession study) सम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिम

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ३० | २४०००० | १ | शिक्षा तालिम केन्द्र | २०८१।१०।२४ | २०८१।१०।२८ | ५ | केन्द्र | २६ | ८७ | २०४७०० | ८५.३ |
| | | | जम्मा | | | | | २६ | ८७ | २०४७०० | ८५.३ |

माध्यमिक तथा आधारभूत तहमा अध्यापनरत शिक्षकहरुकको अंग्रेजी गणित नेपाली तथा विज्ञान विषयका शिक्षकहरुका लागि नया सिकाईको रुपमा रहेको पाठ अध्ययन सम्बन्धी ५ दिने कस्टमाईज्ड तालिमको लागि एक समुह वरावर ३० कोटा लक्ष्य रहेकोमा माध्यमिक तथा आधारभूत तहका २६ जना शिक्षकको सहभागिता रहेको यस तालिमको भौतिक प्रगति ८७ प्रतिशत र वित्तीय प्रगति ८५.३ प्रतिशत रहेको छ।

### १७. लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षासम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिम

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ३० | २४०००० | १ | शिक्षा तालिम केन्द्र | २०८१।११।२३ | २०८१।११।२७ | ५ | केन्द्र | २६ | ८७ | १९८६०० | ८२.८ |
| | | | जम्मा | | | | | २६ | ८७ | १९८६०० | ८२.८ |

लैङ्गिकता, जीवनोपयोगी सिप र वित्तीय शिक्षासम्बन्धी ५ दिने कस्टमाइज्ड शिक्षक तालिमको लागि ३० जनाको वार्षिक लक्ष्य रहेको थियो। शिक्षकहरुलाई लैङ्गिकता, वित्तीय शिक्षा र जीवनोपयोगी सिप जस्ता महत्त्वपूर्ण विषयमा ज्ञान दिन तय भएको यस ५ दिने कस्टमाइज्ड तालिममा २६ जना सहभागि भएर तालिम पुरा गर्नु भई भौतिक प्रगति ८७ प्रतिशत र वित्तीय प्रगति ८२.८ प्रतिशत रहेको छ।

### १८ शिक्षक मेन्टरहरूका लागि ५ दिने क्षमता विकास तालिम

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ५० | ४००००० | १ | शिक्षा तालिम केन्द्र | २०८१।१०।०९ | २०८१।१०।१३ | ५ | केन्द्र | २० | ८० | १७७५०० | ८८.८ |
| | | २ | शिक्षा तालिम केन्द्र | २०८१।१०।१६ | २०८१।१०।२० | ५ | केन्द्र | २६ | १०४ | १९६७९५ | ९८.४ |
| | | | | | | | | ४६ | ९२ | ३७४२९५ | ९३.६ |

विद्यालयमा शिक्षण सेवामा नया प्रवेशी शिक्षकलाई पेशागत सहयोग पुऱ्याउने कामका लागि स्थानीय तहबाट तोकिएका नया शिक्षकका कोचर तथा मेन्टर शिक्षकहरुका लागि ५ दिने क्षमता विकास तालिमको वार्षिक ५० जनाको लक्ष्य रहेकोमा उक्त तालिम दुई समुहमा संचालन भएकोमा ४६ जनाको उपस्थिति भयो। यस शीर्षक तालिमको भौतिक लक्ष्य ९२ प्रतिशत र वित्तीय प्रगति ९३.६ प्रतिशत रहेको छ।

### १९. विद्यालय खेलकुद शिक्षक तालिम

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | समुह वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ६० | २१०००००० | १ | शिक्षा तालिम केन्द्र | २०८१।०९।११ | २०८१।०९।२५ | १५ | केन्द्र | ३० | १०० | १०००५११ | ९५.३ |
| | | २ | याज्ञवल्क्य जनकपुर | २०८१।०९।१४ | २०८१।०९।२८ | १५ | केन्द्र | ३० | १०० | ९९९००० | ९५.१ |
| | | | | | | | | ६० | १०० | १९९९५११ | ९५.२ |

विद्यालय तहबाटै खेलकूदको माध्यमबाट विद्यार्थीको शारीरिक तथा मानसिक विकास गर्ने तथा राष्ट्रिय खेलाडी उत्पादन गर्ने उद्देश्य सहित विद्यालय खेलकूदमा जोड दिन विद्यालय खेलकुद शिक्षक तालिम नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको आर्थिक सहयोगमा मार्फत विगत वर्षदेखि संचालन हुदै आएकोछ। विगत १०८०।८१ मा ३० जनाको एक समुह र यस आ.व. २०८१।८२ मा ६० जनाको दुई समुहको खेलकुद शिक्षक तालिमको लागि युवा तथा खेलकुद मन्त्रालयबाट बजेट प्राप्त भएकोमा मधेश प्रदेश भित्रका आधारभूत तहका ६० जनाले तालिम पुरा गरी भौतिक प्रगति सतप्रतिशत र वित्तीय प्रगति ९५.२ प्रतिशत भएकोछ।

**२०. विद्यालयमा लेखा सम्बन्धी काम गर्ने कर्मचारी तथा प्र अ हरुका लागि ३ दिने लेखा व्यवस्थापन तालिम**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| १५० | १०००००० | १ | याज्ञवल्क्य जनकपुर | २०८१।०८।०३ | २०८१।०८।०५ | ३ | केन्द्र | २६ | १०४ | १६०१२० | ९६.१ |
| | | २ | ललकु सिराहा | २०८१।०८।०६ | २०८१।०८।०८ | ३ | केन्द्र | २५ | १०० | १६०५०० | ९६.३ |
| | | ३ | शि ता के | २०८१।०८।१० | २०८१।०८।१२ | ३ | केन्द्र | २५ | १०० | १४४२५५ | ८६.६ |
| | | ४ | बरहथवासर्लाही | २०८१।०८।१४ | २०८१।०८।१६ | ३ | केन्द्र | २५ | १०० | १५३६५५ | ९२.२ |
| | | ५ | जनकपुर | २०८१।०८।२३ | २०८१।०८।२५ | ३ | केन्द्र | २२ | ८८ | १४३५५० | ८६.१ |
| | | ६ | पशुपति लाहान | २०८१।०८।२५ | २०८१।०८।२७ | ३ | केन्द्र | २४ | ९६ | १६१७०० | ९७.० |
| | | | जम्मा | | | | | १४७ | ९८ | ९२३७८० | ९२.३८ |

विद्यालय सुशासनको लागि विद्यालयको लेखा प्रणालीलाई व्यवस्थित रूपमा संचालन गर्न आवश्यक छ। सोही उद्देश्य पूरा गर्नको लागि विद्यालयमा लेखा सम्बन्धी काम गर्ने कर्मचारी तथा प्रधानाध्यापकको लागि ३ दिने विद्यालयमा लेखा सम्बन्धी काम गर्ने कर्मचारी तथा प्र.अ.हरुका लागि लेखा व्यवस्थापन तालिम लेखा व्यवस्थापन तालिमको लागि प्रदेश सरकारबाट रु १०,००,००० बजेट विनियोजन भई आएकोमा सो बजेटबाट १५० जना प्रधानाध्यमपक तथा विद्यलयमा लेखा सम्बन्धी कर्मचारीलाई तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा १४७ जनाले तालिममा सहभागिता जनाएकाले भौतिक प्रगति ९८ प्रतिशत तथा वित्तीय प्रगति ९२.३८ प्रतिशत पुगेकोछ।

**२१. आधारभुत तह र माध्यमिक तह (कक्षा ९ र १०) सञ्चालन भएका विद्यालयहरुका शिक्षकहरुलाइ आइसिटि (ICT) सम्बन्धी तालिम ५ दिने तालिम**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| १७५ | १०००००० | १ | जनकपुर | २०८१।०७।३० | २०८१।०८।०४ | ५ | केन्द्र | २२ | ८८ | २२६१३० | ९०.५ |
| | | २ | पशुपति लाहान | २०८१।०८।०७ | २०८१।०८।११ | ५ | केन्द्र | २७ | १०८ | २४७३०० | ९८.९ |
| | | ३ | शि ता के बारा | २०८१।०८।१७ | २०८१।०८।२१ | ५ | केन्द्र | २५ | १०० | २०५२४० | ८२.१ |
| | | ४ | बरहथवासर्लाही | २०८१।०८।१९ | २०८१।०८।२४ | ५ | केन्द्र | २५ | १०० | २३३३०० | ९३.३ |
| | | | जम्मा | | | | | ९९ | ९९ | ९११९७० | ९१.२ |

आधारभुत तह र माध्यमिक तह (कक्षा ९ र १०) सञ्चालन भएका विद्यालयहरुका शिक्षकहरुलाइ आइसिटि (ICT) सम्बन्धी तालिम ५ दिने तालिम कार्यक्रमको लागि मधेश प्रदेश सरकारबाट १० लाख बजेट प्राप्त भएकोमा सो बजेट्टबाट १०० जनालाई तालिम दिने लक्ष्य राखिएकोमा ४ बटा समुहमा ९९ जनाको सहभागिता भएकोले ९९ प्रतिशत भौतिक प्रगति र ९१ प्रतिशत वित्तीय प्रगति रहेकोछ।

**२२. विभिन्न विषयका रोष्टर प्रशिक्षकहरुको शिक्षक तालिम समिक्षा तथा अभिमुखिकरण**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| ४५ | १००००० | १ | शिक्षा तालिम केन्द्र | २०८१।०८।२८ | २०८१।०८।२८ | १ | केन्द्र | ४२ | ९३ | ९४०८० | ९४.१ |
| | | | जम्मा | | | | | | | | |

प्रदेश सरकारले पठाएको कार्यक्रम अनुसार शिक्षा तालिम केन्द्रले आ.व. २०८२।८३ मा तालिम केन्द्रबाट संचालन हुने तालिममा सहजिकरण गर्न इच्छुक रोष्टर प्रशिक्षकहरुको विवरण अपडेट गर्ने र १ दिने अभिमुखिकरण गर्ने उद्देश्यले सूचना गरे अनुसार सूचिकृत हुन प्राप्त आदेदन मध्ये रोष्टर प्रशिक्षक हुन मापदण्ड पुगेका ४५ जना रोष्टर प्रशिक्षकहरुको अभिमुखिकरण कार्यक्रम गर्ने लक्ष्य रहेकोमा ४२ जना रोष्टरलाई अभिमुखिकरण र अभिलेख अपडेट गरियो । भौतिक प्रति ९३ प्रतिशत र वित्तीय प्रगति ९४.१ रहेको थियो ।

**२३. आधारभुत तथा माध्यमिक तह (९-१०) का विषयगत शिक्षकलाइ परीक्षा स्तरीकरण तथा प्रश्नपत्र निर्माण सम्बन्धी ३ दिने तालिम कार्यशाला**

| लक्ष्य | | तालिम कार्यक्रम संचालन | | | | | | | प्रगति विश्लेषण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भौतिक | वित्तीय | समुह | संचालन स्थान | मिति | | कर्य दिन सम्म | विधि | सह भागी संख्या | भौतिक प्रगति प्रतिशत | वित्तीय प्रगति | वित्तीय प्रगति |
| | | | | देखि | सम्म | | | | | | |
| १७५ | १०००००० | १ | पशुपतिलाहान | २०८१।०८।०२ | २०८१।०८।०४ | ३ | केन्द्र | २६ | १०४ | १५९२५० | ९५.६ |
| | | २ | शिक्षा तालिम केन्द्र | २०८१।०८।०९ | २०८१।०८।११ | ३ | केन्द्र | २४ | ९६ | १२९८७० | ७७.९ |
| | | ३ | ज्ञानकुप जनकपुर | २०८१।०८।११ | २०८१।१८।१३ | ३ | केन्द्र | २३ | ९२ | १४१३९५ | ८४.८ |
| | | ४ | बरहथवासर्लाही | २०८१।०८।१४ | २०८१।०८।१६ | ३ | केन्द्र | २३ | ९२ | १५०५०० | ९०.३ |
| | | ५ | पशुपति लाहान | २०८१।०८।१७ | २०८१।०८।१९ | ३ | केन्द्र | २५ | १०० | १५९२५० | ९५.६ |
| | | ६ | ज्ञानकुप जनकपुर | २०८१।०८।१८ | २०८१।०८।२० | ३ | केन्द्र | २५ | १०० | १६४५०० | ९८.७ |
| | | ७ | शिक्षा तालिम केन्द्र | २०८१।११।०९ | २०८१।११।११ | ३ | केन्द्र | १९ | ७६ | ९३८५० | ५६.३ |
| | | | जम्मा | | | | | १६५ | ९४.२८ | ९९८६१५ | ९९.९ |

आधारभुत तथा माध्यमिक तह (९-१०) का विषयगत शिक्षकलाई स्तरिय र बैध प्रश्नपत्र निर्माण गराउने र स्तरीय मूल्यांकन प्रणालीबारे जानकारी गराउन परीक्षा स्तरीकरण तथा प्रश्नपत्र निर्माण सम्बन्धी ३ दिने तालिम कार्यशालाको लागि प्रदेश सरकारबाट १० लाख बजेट पठाएकोमा १५० जना आधारभूत था माध्यमिक तहका विषयगत शिक्षकलाई ३ दिने तालिम ७ समुहमा चलाउने योजना गरेकोमा उक्त तालिममा सातै ठाउँमा गरी १६५ जना सहभागी हुनु भएकोले भौतिक प्रगति ९४.२८ प्रतिशत र वित्तीय प्रगति ९९.९ प्रतिशत रहेकोछ ।

## ६ आ.व. २०८०/०८१ को कार्यक्रम सृचालन पछि प्राप्त भएका मुख्य उपलब्धिहरु

- ढिलो निकासा प्राप्ति र विविध समस्याका वावजुद पनि शिक्षक तालिमको भौतिक प्रगति राम्रो भएको र प्रदेश तर्फ तालिमको भौतिक प्रगति उल्लेख्य राम्रो भएको । यस वर्ष १९२८ जना शिक्षकले टिपिडि प्रमाणिकरण र कस्टमाईज्ड तालिम प्राप्त गरेका ।
- शिक्षक सहभागिताको लागि अनलाइन प्रणालीबाट आदेदन माग गरी जेष्ठताको आधारमा सहभागी छनौट गर्ने व्यवस्था गरिएकोले तालिम प्रति शिक्षकको विश्वास र भरोसा बढेको साथै पुराना छुट भएका शिक्षकहरुले क्रमश अवसर पाएका ।
- बेरुजु नरहेको ।
- प्रशिक्षण कार्य विज्ञबाट सहभागितामूलक र प्रभावकारी रुपमा गरिएको ।
- तालिम कार्यशालामा स्थानीय साधनस्रोत र जनशत्तिको अधिकतम परिचालन गरिएको ।
- तालिम मूल्याङ्कनमा सन्तोषजनक पृष्ठपोषण प्राप्त भएको ।
- न्यून खर्च र कम प्रशासनिक स्टाफका बावजुद तालिम कार्यक्रम प्रभावकारी रुपमा संञ्चालन भएको ।
- तालिमको गुणस्तर कायम गरिएको ।
- तालिम कक्षलाई प्रविधिमैत्री बनाउन स्मार्ट वोर्ड जडान गरिएको ।

## ७. वार्षिक उपलब्धिमा कमी भएको भए कारण र क्षेत्र

- अधिकतम तालिम शीर्षकहरुमा तोकिएको वार्षिक उपलब्धी हासिल गर्न सफल भएको छ ।
- सबै शीर्षकमा तोकिएको वार्षिक उपलब्धि हासिल गर्न प्रयासरत रहदा रहदै पनि प्रदेश मन्त्रालयबाट आधाआधि आर्थिक वर्ष वितेपछि माघ महिनाको दोस्रो हप्ता मात्र PLMBIS मार्फत बजेट निकासा प्राप्त भएकोले कतिपय अनलाइन र छोटो अवधिका कस्टमाइज्ड तालिमहरुको प्रगति हासिल गर्न नसकेको अवस्था रह्यो ।

## ८. सबल पक्षहरु

- भौतिक अवस्था पुराना र जीर्ण भएपनि पर्याप्त रहेको छ। भवनहरु पर्याप्त रुपमा रहेका छन् । एक पटकमा ५० जना सहभागी बस्न सक्ने होस्टेल रहेको छ ।
- पुरुष र महिला दुबै छात्रावासलाई मर्मत गरी पूर्ण संचालनमा ल्याइएको छ ।
- तालिम प्रमुख लगायत प्रशिक्षकहरुका लागि अलग्गै आवासगृह रहेका छन् ।
- सहभागीमैत्री तालिम हलको व्यवस्था रहेको छ । मुख्य तालिम भवन पटी २ वटा र प्रशासनिक भवन पटी १ बटा तालिम हल अहिले सञ्चालनमा रहेका छन् ।
- तालिम कक्षलाई प्रविधिमैत्री बनाउन नया स्मार्ट वोर्ड जडान गरिएको छ ।
- पुस्तकालयको व्यवस्था रहेको छ ।
- पावरव्याकअप जडान गरी तालिम कक्षमा विजुलीको अभाव नहुने व्यवस्था गरिएको छ ।
- सबै प्रशिक्षकहरुलाई नया ल्यापटप उपलब्ध गराइएको छ। अन्य कर्मचारीलाई कम्प्युटर उपलब्ध गराइएको छ ।
- समूहमा काम गर्ने बानीको विकास गरिएको छ ।
- रोष्टर प्रशिक्षकहरुको सहयोग पनि राम्रो रहेको ।
- तालिम केन्द्र परिसरमा सधैँ सबैतिर सफासुग्घर राख्ने कार्य गरी कार्यालय परिसरको वातावरण सुधार गरिएको ।
- कार्यक्रम कार्यन्वयनको वार्षिक योजना बनाएर कार्यान्वयन गरिएको, कार्यक्रम कार्यन्वयन पूर्व बैठकबाट छलफल गरी तत्कालीन कार्यान्वयन रणनीति तयार गर्ने गरीएको र आवश्यकता अनुसार मासिक वा पाक्षीक रुपमा कर्मचारी बैठक बस्ने गरेको ।

## ९. कार्यन्वयनमा देखिएका समस्या वा बाधा

- आ.व. २०८०।८१ को कार्यक्रम संचालन गर्न प्रदेश मन्त्रालयबाट आधि आर्थिक वर्ष वितेपछि माघ महिनाको दोस्रो हप्ता मात्र PLMBIS मार्फत बजेट निकासा प्राप्त भएकोले कतिपय अनलाइन र छोटो अवधिका कस्टमाइज्ड तालिमहरुको प्रगति हासिल गर्न नसकेको अवस्था रह्यो ।
- विषयगत तालिम सञ्चालन गर्न शिक्षक मध्येबाट तयार गरिएका रोस्टर प्रशिक्षकको प्रयोग गरिन्छ । जुन कहिले काही आफैमा समस्या हो ।
- ठूलो संरचना रहेका कारण मर्मत सम्भारका लागि स्रोतको कमी रहेको ।
- विघुत ट्रान्फरमर पटक पटक बिग्रनु, समयमा बत्ती नआउँदा तालिम प्रभावित हुनु ।
- विगतको अवधिमा ३ मोडूलको ढाचामा तत्कालीन स्रोतकेन्द्र चलेका तालिमको अभिलेख नहुनुले धेरै शीषकले तालिम दोहोर्याउनु पर्ने अवस्था सिर्जना भएको ।

## १०. हामीले गरेका प्रयासहरु

- शिक्षक पेशागत विकास तालिममा सहभागी शिक्षक छनौटको लागि अनलाइन आवेदनको व्यवसथा गरिएको र आवेदन गरेका शिक्षक मध्येबाट नियुक्ति मितिको जेष्ठताको आधारमा सहभागि शिक्षक छनौट गर्ने प्रक्रिया सुरु गरिएको । जसको कारण तालिममा शिक्षकको सहभागितामा समान पहुँच र न्याय स्थापना भएको ।
- प्रदेशको शिक्षा तथा संस्कृति मन्त्रालय शिक्षा तथा मानवस्रोत विकास केन्द्र, शिक्षा विकास तथा समन्वय इकाइहरु स्थानीय तहहरु तथा शिक्षा क्षेत्रमा काम गर्ने संघसंस्थाहरुसंग आवश्यकता अनुसार समन्वय र सहकार्य गरिएको ।
- वार्षिक कार्यक्रम कार्यन्वयन योजना तथा कार्यान्वयन रणनीति तय गरेर कायर्क्रम संचालन गर्ने गरिएको ।
- तालिम केन्द्रमा रहेका तालिम हलहरुको सुधार गरिएको छ । तालिमहललाई प्रविधिमैत्री बनाउने प्रयास स्वरुप यस वर्षमात्र स्मार्ट वोर्ड जडान गरी संचालनमा ल्याईएको छ ।

## ११. समन्वय र सहयोग

शिक्षा तालिम केन्द्रका सवै कार्यक्रमहरु प्रभावकारी संचालनका लागि सरोकारवाला सबै निकायहरुसग जिम्मेवारपूर्ण समन्वय तथा सहयोग अपरिहार्य छ । प्रमाणिकरण तालिमको नीतिगत दिशा निर्देशको लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रसँग प्रत्यक्ष समन्वय रहेको हुन्छ भने प्रदेशको शिक्षा विषयक मन्त्रालय शिक्षा तथा संस्कृति मन्त्रालयबाट समेत आवश्यक अन्य सहयोग प्राप्त भैरहेको छ, शिक्षकको पेशागत विकासको लागि छोटो अवधिको पूनर्ताजगी र अन्य महत्त्वपूर्ण तालिम तालिमका कार्यक्रमहरु मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालयबाट तथा आ.व. २०८१।८२ का लागि प्राप्त भएका छन ।

शिक्षा विकास तथा समन्वय इकाइहरु तथा स्थानीय तह तथा विद्यालयहरुले समेत माग भएका केही विषयमा मापदण्ड अनुसारका शिक्षक छनौट गरी पठाइ दिएर तथा तालिम केन्द्रले अनलाइन आवेदनको आधारमा छनौट गरेका शिक्षकलाई तालिममा समयमै पठाएर तथा तालिम केन्द्रले प्रयोग गर्ने रोष्टर प्रशिक्षकहरुको काज उपलव्ध गराएर विद्यालयले महत्त्वपूर्ण सहयोग गरेकाछन । त्यस्तै सवै स्थानीय निकायहरु र शिक्षकको कार्यथलो विद्यालयसंग समन्वय र सहकार्य नहुने हो भने शिक्षक तालिमले मूर्तरुप लिन सक्दैन, तसर्थ स्थानीय निकायहरु र विद्यालयको सहयोग महत्त्वपूर्ण छ । तालिम सञ्चालनको क्रममा विभिन्न रोष्टर तथा विज्ञ व्यक्तिहरुबाट यथेष्ट

सहयोग प्राप्त भएकोछ।

शिक्षा तथा संस्कृति मन्त्रालयका माननीय मन्त्रीज्यूबाट तालिम केन्द्रबाट जनकपुरमा संचालन भएका विभिन्न तालिम अनुगमन तथा तालिममा आवश्यक निर्देशन गरी तालिम केन्द्र र सहभागि शिक्षकको हौसला बढाउनुको साथै मधेश प्रदेशको शिक्षा नीति तथा कार्यक्रमको वारेमा चर्चा र शिक्षा तालिम केन्द्रलाई महत्त्वपूर्ण नीति निर्देशन प्राप्त भएको थियो। उक्त कार्यक्रमहरुमा माननीय मन्त्रीज्यूको उपस्थितिले तालिमको गरिमा र हाम्रो हौशला बढाएकोछ।

## १२. सिकिएको पाठ

**शिक्षा तालिम केन्द्रले कार्यक्रम कार्यन्वयनको सिलसलामा निम्न सिकाइ भएका छन्।**

- तालिम सञ्चालनमा शिक्षा विकास तथा समन्वय इकाइ, स्थानीय तह, मन्त्रालय बीच राम्रो सम्बन्ध र समन्वय निरन्तर जरुरी।
- शिक्षा तालिम केन्द्रलाई शैक्षिक अनुसन्धानमूलक क्रियाकलापमा संलग्न हुने पर्याप्त अवसर प्रदानगर्न आवश्यक छ।
- तालिम केन्द्रमा विषयगत प्रशिक्षक हुन अनिवार्य छ। रोष्टर प्रशिक्षकहरु र सरोकारवाला शिविसइ प्रमुखहरुसँग वेलावेला बैठक आवश्यक रहेछ।
- होस्टल व्यवस्थापन तथा मर्मत गर्नका लागि एकचरण आवश्यक सबै सुधार हुनेगरी यथेष्ट बजेट व्यवस्थापन र खर्च गरी सुधार गर्नुपर्नेछ।
- गुणस्तरीय तालिम सञ्चालनका लागि Team work महत्त्वपूर्ण छ।

## १३. निरिक्षण अनुगमन तथा पृष्टपोषण

### क) शिक्षा तालिम केन्द्र र यसका गतिविधिको निरीक्षण अनुगमन

शिक्षा तालिम केन्द्रले सम्पादन गरेका तथा गर्ने कामको गुणस्तरियता प्रभावकारिता लक्ष्य प्राप्तिको सन्दर्भमा वेलावेलामा माथिल्ला निकायहरुबाट र तालिम केन्द्रले आफुले संचालन गरेका कामको गुणस्तरियता प्रभावकारिता लक्ष्य प्राप्तिको सन्दर्भमा समय समयमा आवश्यक निरिक्षण तथा पृष्टपोषण र मार्गनिर्देशन प्राप्त गर्ने र प्रदान गर्ने काम भएका छन्। तालिम केन्द्रमा यो आर्थिक वर्षमा भएका निरिक्षण अनुगमनबाट तालिम केन्द्रले महत्त्वपूर्ण पृष्टपोषण र सुझावहरु प्प्त भएकोले उहाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछ।

### ख) शिक्षा तालिम केन्द्रबाट भएका निरीक्षण अनुगमन

- शिक्षा तालिम केन्द्रबाट संचालन भएका टिपिडि तालिम र अन्य कस्टमाइज्ड तालिमहरुमा शिक्षा तालिम केन्द्रमै चलेका तालिमको नियमित अनुगमन तालिम प्रमुखबाट हुने गरेको र धेरै जसो सेशनहरुको अवलोकन अनुगमन सिसिटिभीबाट समेत भैरहने गरेको।
- यो वर्ष तालिम केन्द्र वाहिरका हवहरुमा संचालन भएका तालिमहरु लाहान जनकपुर बर्दिवास चन्द्रपुरहरूमा संचालन भएका टिपिडि तालिम र राजविराज, जलेश्वर, मलंगवा, गरुडा ठाउहरुमा संचालित छोटो अवधिको तालिमको अनुगमन तालिम प्रमुख र अन्य अधिकृतहरुबाट तालिम संचालित समयमा भएको छ।
- तालिम मूल्यांकनको लागि तालिम केन्द्रले विकास गरेको तालिम मूल्यांकन सुचकको आधारमा नियमित गर्ने गरेको र मूल्यांकनबाट प्राप्त पृष्टपोषण अनुसार तालिम व्वस्थापनमा आवश्यक सुधार गर्दै लगिएको,
- तालिममा सहभागि शिक्षकहरुले गर्नुपर्ने परियोजना कार्यको समयमा केही विद्यालयहरुमा सांकेतिक रुपमा तालिम प्रमुख तालिम केन्द्रका अधिकृतहरु तथा रोष्टरहरु पुगेर शिक्षकलाई पेशागत सहयोग पुऱ्याईएको।

## १४. शिक्षा तालिम केन्द्रको दुरदृष्टि र मुख्य लक्ष्य

**दुरदृष्टि :** "पेसागतरुपमा सक्षम शिक्षकबाट मधेश प्रदेशको विद्यालय शिक्षा गुणस्तरीय हुने"

**मुख्य लक्ष्य :** "शिक्षक तालिम मार्फत विद्यालय शिक्षक तथा प्रधानाध्यापकहरुको पेसागत कार्य क्षमताको विकास गरी विद्यार्थीको सक्षमता बढाई सार्वजनिक विद्यालय शिक्षाको गुणस्तर विकासमा टेवा पुऱ्याउने"

## १५. रोष्टर प्रशिक्षक विवरण

शिक्षा तालिम केन्द्रले आ २०८०।८१ मा शिक्षक पेशागत विकास (टीपिडि) तालिम पुनर्ताजगी तथा कष्टमाईज्ड तालिमहरु खेलकूद लगायतका अन्य सबै प्रकारका तालिममा सहजिकरणको लागि विभिन्न क्षेत्रका विज्ञ सहजकर्ताहरुलाई प्रयोग गरेको थियो। जसको विवरण तालिकामा रहेको छ।

| क्रस | रोष्टर प्रशिक्षकको नाम थर | योग्यता/ विज्ञता | पेशा/पद | सहजिकरण विषय | संलग्न संस्था |
|---|---|---|---|---|---|
| टिपिडि र कस्टमाईज्ड तालिमका रोष्टर प्रशिक्षक | | | | | |
| १ | अभिषेक सिंह | M.E | प्रशिक्षक | Electrical | जयकिशन बहुप्राबिधिक शिक्षालय, धरहरी |
| २ | आशाराम शाह | M.Ed | मा.शि. | अंग्रेजी | श्री मा.वि. प्रितपुर पर्वता धनुषाधाम |

| क्रस | रोष्टर प्रशिक्षकको नाम थर | योग्यता/ विज्ञता | पेशा/पद | सहजिकरण विषय | संलग्न संस्था |
|---|---|---|---|---|---|
| ३ | आस्था चौधरी | MED | मा.शि. | अंग्रेजी | मा.वि. वनौटा, महोत्तरी |
| ४ | उद्धव राय यादव | M.ed | शा.अ. | गणित | शिक्षा विकास निर्देशनालय |
| ५ | उमेश लाल कर्ण | MED | निवृत उ.स. | शै.प्र./पाठ्यक्रम/ मूल्यांकन | शिक्षा सेवाको सेवा निवृत उपसचिव |
| ६ | खडक बहादुर श्रेष्ठ | MED | मा बि | सामाजिक समावेसिता | गौरीशंकर मा.वि. निजगढ ८ बारा |
| ७ | खडीन्द्र दाहाल | | शिक्षक | नेपाली | जनजागृति मा.वि., चन्द्रपुर |
| ८ | गंगाधर रिमाल | M.Ed | निवृत उ.स. | नेपाली | शिक्षा सेवाको सेवा निवृत उपसचिव |
| ९ | छविरमणप्रसाद रेग्मी | M.Ed | शिक्षक | साहित्य | महावीर ने.रा.मा.वि., ब्रम्हपुरी |
| १० | डा. महेन्द्र प्र. चौधरी | PhD | शिक्षक | अंग्रेजी | महादेव जनता मा.वि., लहान |
| ११ | तेजिलाल साह | M.Ed | मा.शि. | अंग्रेजी | ने रा मा वि मदर्सा कलैया बारा |
| १२ | दिपक कायस्थ | M.Ed | मा.शि प्रअ | गणित | ने.रा.मा.वि., पथलैया |
| १३ | दिपक प्र.पौडेल | M.ed | मा.शि | नेपाली | जनज्योति मा.वि. चंद्रपुर रौतहट |
| १४ | दिलिप मुखिया | | शा.अ. | शैक्षिक प्रशासन | शिक्षा तथा संस्कृति मन्त्रालय |
| १५ | देवी प्रसाद सुवेदी | | उ स | शैक्षिक प्रशासन | वर्दिवास मेडिकल कलेज |
| १६ | नन्दकिशोर राय | M.E | प्रशिक्षक | Civil Eng | जयकिशन बहुप्राबिधिक शिक्षालय,धरहरी |
| १७ | नरेन्द्र चौधरी | M.Ed | मा.शि | बिज्ञान | श्री मा बि कोल्हवी बारा |
| १८ | नविन मिश्र | | ले.अ. | लेखा व्यवस्थापन | प्र ले नि का |
| १९ | नारायण अधिकारी | M.Ed | मा.वि. | नेपालीव्याकरण | यज्ञवल्क्य संस्कृत मा.वि. ज्ञानकुप जनकपुरधाम |
| २० | पदमा खरेल | M.Ed | मा.शि | अंग्रेजी | नारायण मा.वि., केशरगंज, सर्लाही |
| २१ | प्रनेश श्रीवास्तव | M.E | प्रशिक्षक | Computer | जयकिशन बहुप्राबिधिक शिक्षालय,धरहरी |
| २२ | बिपिराज दाहाल | | प्रशिक्षक | साहित्य | संस्थागत विद्यालय |
| २३ | ब्रजभुषण प्र कुशवाहा | M.Ed | मा.वि. | गणित, ict | मा.वि. प्रितपुर पर्वता धनुषा |
| २४ | मधुकर खड्का | M.ed | मा.शि | विज्ञान | जनज्योति मा.वि. चंद्रपुर रौतहट |
| २५ | मनोज प्रसाद साह (बर्णवाल) | M.Ed | मा.शि | सामाजिक | ल.दे. बा. हँ. मा.वि., वीरगंज पर्सा |
| २६ | मुनसिफ साह | | गणित | | जानकी मा.वि. जनकपुरधाम |
| २७ | रमेश प्रसाद कुशवाहा | M.Ed | मा.शि. | अंग्रेजी | महावीर ने.रा.मा.वि., ब्रम्हपुरी |
| २८ | रमेश भट्टराई | | प्राध्यापक | साहित्य | लालबन्दी क्याम्पस |
| २९ | राकेश कर्ण | | मा.शि. | ICT | जा.मा.वि., जनकपुरधाम |

| क्रस | रोष्टर प्रशिक्षकको नाम थर | योग्यता/ विज्ञता | पेशा/पद | सहजिकरण विषय | संलग्न संस्था |
|---|---|---|---|---|---|
| ३० | राधेश्याम गिरी | | कोष प्रमुख | लेखा व्यवस्थापन | कोष तथा लेखा नियन्त्रक कार्यालय बारा |
| ३१ | राम अवधेश राय | M.Ed | मा.शि. | अंग्रेजी | सिद्धार्थ मा.वि. चिनीमिल वीरगंज पर्सा |
| ३२ | राम बहादुर पण्डित | M.Ed | मा.शि. | अंग्रेजी, ICT | ने.रा.मा.वि., पिप्राढि, बारा |
| ३३ | राम वेदेही मिश्र | MCOM | अडिटर | लेखा | नेपाल चाटर्ड एकाउन्टेन्ट एजेन्सी |
| ३४ | राम शंकर यादव | | मा.शि. | ICT | या स मा.वि., ज्ञानकुप जनकपुरधाम |
| ३५ | राम सागर साह | M.Ed. | | | कन्या मा.वि. जलेश्वर |
| ३६ | राम सिंहासन कुमार यादव | M.Ed/ M.Phil | मा.शि. | गणित/ ECD | श्री मा.वि. माधोपुर माधवपुर न.पा. रौतहट |
| ३७ | रामचन्द्र कट्टेल | M.Ed | प्रशिक्षक | अंग्रेजी | शिक्षा तालिम केन्द्र, धुलिखेल |
| ३८ | रामबाबु बैठा | M.Ed | मा.शि. | गणित | त्रिजुद्ध म.प्र.र.रा.मा.वि., वीरगंज |
| ३९ | रिमा कर्ण | M.Ed | मा.शि. | सिकाइमा नवप्रवर्तन | Shree Rasyriya Secondary School, Rupaith, Belhi |
| ४० | रुद्र प्रसाद अधिकारी | M.Ed | सहसचिव | शैक्षिक प्रशासन | प्रदेश प्रमुखको कार्यालय, मधेश प्रदेश |
| ४१ | रुपेश झा | | प्राध्यापक | विज्ञान | रा.रा.ब, क्याम्पस,धनुषा |
| ४२ | रेणुका जि.सि. | M.Ed | मा.शि. | एकीकृत पा. | मा.वि., चन्द्रपुर रौतहट |
| ४३ | लक्ष्मण भट्टराई | M.Ed | मा.शि. | सामाजिक/ICT/ एकिकृत पा. | जनता मा.वि., उमजन, बारा |
| ४४ | लक्ष्मी श्रेष्ठ | M.Ed | प्रशिक्षक | कक्षा व्यवस्थापन | (संस्थागत विद्यालय -संचालन) |
| ४५ | विवश जंग थापा | Mphil | प्राध्यापक | अंग्रेजी, ICT | हेटौडा क्याम्पस |
| ४६ | वेत वहादुर दाहाल | M.Ed | मा.शि. | सामाजिक REal Plan/ SIP/पाठ्यक्रम | मा.वि. कामीडाँडा, वर्दिवास, महोत्तरी |
| ४७ | वैदेही मिश्र | | अडिटर | विद्यालय लेखा | अडिट फर्म |
| ४८ | शत्रुधन यादव | M.Ed | उपसचिव (अवकाश) | शैक्षिक प्रशासन | पुर्व जि.शि.अ./प्र.प्र.अ. |
| ४९ | श्याम प्रसाद गुप्ता | | प्र प्र अधिकृत | नेपालीभाषा | पर्सौनीको नगरपालिका, बारा |
| ५० | संगम चौलागाई | Mphil | प्राध्यापक | अंग्रेजी | मकवानपुर बहुमुखी क्याम्पस |
| ५१ | संगिता गुप्ता | M.Ed | शा.अ. | | शिक्षा विकास निर्देशनालय |
| ५२ | संजय कुमार झा | M.Ed | शिक्षक | विज्ञान/ICT | डिम जनता मा.वि. लालबन्दी,सर्लाही |
| ५३ | संजय कुमार बस्नेत | Mphil | प्राध्यापक | अंग्रेजी | हेटौडा क्याम्पस |
| ५४ | संजय कुमार मिश्र | M.Ed | मा शि | ICT | या स मा.वि., ज्ञानकुप |
| ५५ | संजय सिंह | M.Ed | मा.शि | ICT | फौदसिह जनता मा.वि. लालबन्दी |

| क्रस | रोष्टर प्रशिक्षकको नाम थर | योग्यता/ विज्ञता | पेशा/पद | सहजिकरण विषय | संलग्न संस्था |
|---|---|---|---|---|---|
| ५६ | संजिव कुमार झा | M.Ed | मा.शि | गणित | रामदरथ सर्वोदय मा.वि., महोत्तरी |
| ५७ | सरस्वती अधिकारी | M.Ed | मा.शि | पाठ्यक्रम, पा.पु. | भुटनदेवी मा.वि., हेटौडा |
| ५८ | सविन न्यौपाने | | मा.शि | नेपाली | सामुदायिक विद्यालय चितवन |
| ५९ | सुदर्शन भट्टराई | M.Ed | शा.अ. | शैक्षिक प्रशासन | शिक्षा सेवा |
| ६० | सुनिल कुमार मल्लिक | MSc | मा.शि | विज्ञान | मा.वि. कनकपट्टी, जनकपुर |
| ६१ | सुनिल पासवान | स्नातकोत्तर | उपसचिव | व्यवस्थापन सम्बन्धी | खडक नगरपालिका सप्तरी |
| ६२ | सुरेन्द्र महतो | | कानून अ. | कानुन | प्रदेश सरकार |
| ६३ | हेमन्त कुमार मिश्र | M.Ed | शिक्षक | अंग्रेजी, ICT | जनजागृति मा.वि., चन्द्रपुर |
| खेलकूद शिक्षक तालिमका रोष्टर प्रशिक्षक | | | | | |
| ६४ | अनिल सिंह | | प्रशिक्षक | खेलकूद | जि.खेलकुद विकास समिति |
| ६५ | अरुण लाल कर्ण | | प्रशिक्षक | खेलकूद | रा.खे.प. |
| ६६ | दल बहादुर | | सैनिक कर्मचारी | कवाज | नेपाली सेना |
| ६७ | प्रदिप के.सी. | | सैनिक कर्मचारी | कवाज | नेपाली सेना |
| ६८ | भरत यादव | | अधिकृत, राष्ट्रिय प्रशिक्षक | भलिवल | नुषा जिल्ला खेलकुद विकास समित |
| ६९ | राजेन्द्र मण्डल | | खेल प्रशिक्षक | | जि.खेलकुद विकास समिति |
| ७० | राजेन्द्र सिंह | | खेल प्रशिक्षक | | जि.खेलकुद विकास समिति |
| ७१ | रेयाज अन्सारी | | प्रशिक्षक | कबड्डी | बारा खेलकुद विकास समिति |
| ७२ | शंकर प्र. बजगाई | | सैनिक | कवाज | नेपाली सेना (ज्वाला गण बारा) |
| ७३ | श्रीनारायण साह | I.A. | प्रशिक्षक | एथलेटिक्स | मधेश प्रदेश एथलेटिक्स संघ |
| ७४ | हेत नारायण चौधरी | M.A/M.Ed. | उप-प्राध्यापक | खो खो | ठाकुर राम बहुमुखि क्याम्पस वीरगंज |
| वालविकास तालिमका रोष्टर प्रशिक्षक | | | | | |
| ७५ | नितु मिश्र | | अध्यक्ष | बालविकास | सेतो गुराँस वाल विकास महोतरी |
| ७६ | रेणु सिलवाल | B.Ed. | वाल विज्ञ | बालविकास | सेतो गुराँस, सर्लाही |
| ७७ | शर्मिला पोखरेल | | प्रशिक्षक | वालविकास | सेतो गुराँस वाल विकास सिराहा |
| अन्य विविध तालिम विषयका रोष्टर प्रशिक्षक | | | | | |
| ७८ | चन्देश्वर प्रसाद गुप्ता | | प्रशिक्षक | तनाव व्यवस्थापन, कला | The Art of Living Foundation, Birgunj |
| ७९ | लिला पौडेल | M.Ed | मा.शि. | मनोसामाजिक परामर्श | Kalika ma bi/ Nectar education training institute |
| ८० | सुजाता शर्मा | स्नातकोत्तर | मनोपरामर्शकर्ता | विद्यार्थी मनोपरामर्श | RWUA हरिपुर सर्लाही |




## नेपालको नक्सा

७७ जिल्ला नेपाल




## मधेस प्रदेशको नक्सा

# शिक्षा तालिम केन्द्र, बारा कलैयाको भौतिक संरचना



प्रशासकीय भवन



तालिम भवन



पुस्तकालय भवन



सरस्वती मन्दिर



छात्रावास पुरुष



छात्रावास महिला



तालिम प्रमुख आवास



प्रशिक्षक आवास (७ वटा)



जेनेटर घर



कार्यालय सवारी



क्यानटिन



पालेघर





## विषयगत टिपिडि तालिमको उद्घाटन तथा समापन कार्यक्रमका झलकहरु





## शिक्षकको लागि १५ दिने खेलकुद शिक्षक तालिम


## सम्पादक मण्डल

**सल्लाहकार**
ठूलोबाबु दाहाल
तालिम प्रमुख

**सम्पादक**
राजन भण्डारी (शा.अ.)
भागिरथ झा (शा.अ.)
वविता कुमारी कुशवाहा (शा.अ.)
श्याम प्रसाद कडेल (शा.अ.)
मुनिलाल प्रसाद चौहान (शा.अ.)
शिवशंकर चौधरी (ले.प्र.)

**कम्प्यूटर सेटिङ्ग**
श्रवण कुमार वि.क. (कम्प्यूटर अपरेटर)

सर्वाधिकार :- प्रकाशकमा
प्रति :- ५००
प्रकाशन :- २०८२ श्रावण
मुद्रण :- ग्लोबल प्रकाशन गृह
डिल्लीबजार, काठमाडौं, फोन : ०१-५३२७२५१

प्रकाशक:
मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
शिक्षा तालिम केन्द्र
बारा



सोधपुछ : ९८५५०४८०५६, ०५३-५५०२४३
सूचना अधिकारी : ९८४९८९९५७४

E-mail:- etcbara@gmail.com
website : etc.p2.gov.np
Facebook Page:- etcbara@yahoo.com
(शिक्षा तालिम केन्द्र, बारा)



ले-आउट डिजाइन :- सन्तोष भट्ट #+977-9840341312